का.जि.प्र.का.द.नं. १००/०५२/६०
१६ असोज २०८३
शुक्रबार
2 October 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २५३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी

# सेयर बजारले नपत्याएको सरकार

- ६ महिनामा ३५१ अंकले घट्यो नेप्से
- लगानीकर्ताको करिब ७ खर्ब लगानी गुम्यो




● घनश्याम पाण्डे
अध्यक्ष
नेपाल सेयरधनी संघ



लगानीकर्तालाई सहज हुने व्यवस्था गरिए पनि त्यसको अपेक्षित प्रभाव बजारमा देखिएन । व्यापारिक घराना, व्यवसायी तथा विभिन्न क्षेत्रका लगानीकर्ता नयाँ लगानी र कारोबार गर्नुभन्दा 'पर्ख र हेर'को अवस्थामा छन् ।

● राजन लम्साल
उपाध्यक्ष
नेपाल इन्भेस्टर्स फोरम

६ महिनाको ओरालो अंक




नयाँ सरकार बनेपछि सेयर बजारमा उत्साह फर्किने अपेक्षा गरिए पनि नेप्से परिसूचक ६ महिनामा ३५१ अंकले घटेको छ। बजारमा करिब ७ खर्ब रुपैयाँबराबरको लगानी गुमेको दाबी छ। बैंकमा १४ खर्ब लगानीयोग्य रकम र सस्तो ब्याजदर हुँदाहुँदै लगानीकर्ताको विश्वास नफर्किंदा पुँजी बजार चलायमान हुन सकेको छैन।

■ छबि सापकोटा/मध्यान्ह

नयाँ सरकार गठन भएको ६ महिना नाघिसक्दा पनि सेयर बजारले गति लिन सकेको छैन । फागुन २१ को निर्वाचनबाट झन्डै दुईतिहाइ बहुमतसहित बनेको सरकारप्रति सुरुमा लगानीकर्ताले बजारमा सुधार आउने अपेक्षा गरेका थिए । तर, सरकार गठनयता नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक निरन्तर दबाबमा देखिएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा गत चैत १३ गते सरकार गठन भएको थियो । सरकार गठन हुनु अघिल्लो दिन नेप्से परिसूचक २ हजार ९५०.१६ विन्दुमा थियो । त्यसको करिब ६ महिनापछि बिहीबार नेप्से ३५१ अंक घटेर २ हजार ५९९.१५ विन्दुमा झरेको छ ।

पछिल्लो ६ महिनाको तथ्यांकले पनि बजारको निरन्तर ओरालो यात्रा देखाउँछ । चैत १५ गते नेप्से २ हजार ८७९ विन्दुमा रहेकोमा वैशाख १५ गते २ हजार ७७०, >>> पृष्ठ २ मा

## 'ठुला लगानीकर्ता पर्ख र हेरमा'

नेपाल सेयरधनी संघका अध्यक्ष घनश्याम पाण्डेका अनुसार अहिले बजार घट्नुपर्ने कारण देखिँदैन । सरकारका नीति तथा सुधारका कार्यक्रम सकारात्मक नै भए पनि ठुला लगानीकर्ता बजारमा लगानी गर्न हिच्किचाइरहेको उनले बताए । 'ठुला लगानीकर्ता बजारबाट टाढिँदै गएका छन् । लगानीकर्तामा विश्वासको वातावरण बन्न सकेको छैन,' उनले भने ।

ठुला लगानीकर्ता अहिले 'पर्ख र हेर'को अवस्थामा रहेको पाण्डेको भनाइ छ । सरकारले कर घटाउनेदेखि बजार सुधारका विभिन्न विषय अघि सारे पनि ठुला व्यापारी तथा लगानीकर्तामाथि धरपकड र निगरानी बढेका कारण आत्मविश्वास कमजोर भएको उनले बताए ।

'सरकारले ठुला तथा साना लगानीकर्तालाई निर्धक्क भएर लगानी गर्न सक्ने वातावरण निर्माण गर्नुपर्छ,' उनले भने । निजी क्षेत्रसँग लगानी गर्ने क्षमता भए पनि लगानीको वातावरण नहुँदा पुँजी परिचालन हुन नसकेको उनको भनाइ छ ।

पुँजी बजार संवेदनशील क्षेत्र भएकाले ठुलो परिमाणमा सेयर खरिद-बिक्री गर्दा समेत अनावश्यक निगरानी भएको महसुस भए त्यसले बजारको मनोविज्ञानमा असर गर्ने उनले बताए । 'कुनै लगानीकर्ताले दुई लाख कित्ता सेयर किन्न खोज्दा समेत लगानी गर्न हिच्किचाउने अवस्था छ । ठुलो कित्ता खरिद-बिक्रीमा समेत अत्यधिक निगरानी हुँदा समस्या देखिएको छ,' पाण्डेले भने ।

सरकार र निजी क्षेत्रबीच आवश्यक तालमेल हुन नसक्दा लगानीकर्ताको मनोबल कमजोर भएको देखिन्छ । 'सेयर बजारमा करिब ७ खर्ब रुपैयाँबराबरको लगानी गुमेको छ । यो रकम नेपालको एक वर्षको राजस्वको करिब आधा हो । अब सरकारले यो पुँजी कसरी पुनर्स्थापित गर्ने र साना तथा ठुला लगानीकर्तालाई कसरी पुनः बजारमा आकर्षित गर्ने भन्ने विषयमा गम्भीर हुनुपर्छ,' उनले भने ।

नेपाल इन्भेस्टर्स फोरमका उपाध्यक्ष राजन लम्सालका अनुसार सरकारले पछिल्लो समय सेयर बजारसँग सम्बन्धित नीतिगत व्यवस्थालाई खुकुलो बनाएको छ । तर लगानीकर्तामा सरकारप्रतिको पूर्ण विश्वास कायम हुन सकेको छैन । नयाँ सरकार गठन भएपछि सुरुमा लगानीकर्तालाई हेर्ने सरकारी दृष्टिकोण केही कडा देखियो । त्यसपछि क्रमशः नीतिगत निर्णयमा सुधार गर्दै लगानीकर्तालाई सहज हुने व्यवस्था गरिए >>> पृष्ठ २ मा

# आरक्षणमा महिलालाई आधा हिस्सा

निजामती सेवाको कुल पदमा ४९ प्रतिशत पद आरक्षणका लागि छुट्याउने र त्यसको आधा महिलाका लागि सुनिश्चित गर्ने व्यवस्था प्रस्तावित छ। प्रसूति तथा प्रसूति स्याहार बिदाका अलावा महिला कर्मचारीलाई 'महिनावारी/रजस्वला बिदा' थप गर्ने प्रावधान पनि थपिएको छ।



"संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न यो विधेयकले महत्त्वपूर्ण आधार प्रदान गर्नेछ। सुशासन र सार्वजनिक प्रशासन सुधारको दिशामा पनि कोसेढुंगा बन्ने विश्वास पनि लिएका छौं।

■ प्रतिभा रावल
मन्त्री

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १५ असोज

नेपालको कुल जनसंख्या पुरुषको तुलनामा महिलाको बढी छ । तर अवसर र जिम्मेवारीमा पुरुषको हिस्सा धेरै छ भनेर अधिकारकर्मीले गर्दै आएको खबरदारीलाई सरकारले निजामती सेवामा सम्बोधन गर्ने प्रयास गरेको छ ।

आर्थिक वर्ष ०६४/६५ देखि सरकारी सेवामा समावेशी पदपूर्तिको व्यवस्था लागू भएको हो । लोकसेवामार्फत हुने कर्मचारी नियुक्तिमा आरक्षणलाई शतप्रतिशत मानेर महिलाका लागि ३३ प्रतिशत कोटा तोकिएको थियो । यस्तो प्रचलित व्यवस्थालाई संशोधन गर्दै सरकारले निजामती सेवाको आरक्षणभित्र महिलालाई आधा हिस्सा हुने गरी विधेयक ल्याएको छ ।

प्रतिनिधिसभामा बिहीबार दर्ता भएको संघीय निजामती सेवा विधेयकअनुसार कुल आवश्यक पदमध्ये ५१ प्रतिशत >>> पृष्ठ २ मा

### महिनावारी बिदा प्रस्ताव

विधेयकमा महिला कर्मचारीलाई महिनावारी (रजस्वला) बिदा दिने नयाँ व्यवस्था प्रस्ताव गरिएको छ । विधेयकको बुँदा नम्बर १२५ मा निजामती कर्मचारीले पाउने बिदाको सूचीमा 'महिनावारी/रजस्वला बिदा' समावेश गर्ने प्रस्ताव गरिएको हो। हाल प्रचलित कानुनमा बिरामी बिदा, प्रसूति बिदा तथा प्रसूति स्याहार बिदाजस्ता सुविधाहरूको व्यवस्था रहे पनि महिनावारीका लागि छुट्टै बिदाको प्रावधान छैन । >>> पृष्ठ २ मा

# गर्भपतनको समयसीमा हटाउने प्रस्ताव विवादमा

जुनसुकै कारणले गरियोस्, २२ हप्तापछिको गर्भपतन शिशु हत्या नै हो। मैले नै २६ हप्ताका सयौं बच्चा बचाइसकेको छु। सरकारले व्यवस्था गऱ्यो भन्दैमा जिउँदो र बाँच्न सक्ने शिशुको घाँटी थिचेर मार्न सकिँदैन।



■ प्रा.डा. जागेश्वर गौतम
स्त्रीरोग तथा प्रसूति विशेषज्ञ

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १५ असोज

विशेष परिस्थितिमा गर्भपतनको समयसीमा हटाउने सरकारको प्रस्तावसँगै नेपालमा मातृस्वास्थ्य, प्रजनन अधिकार र स्वास्थ्य सेवाको पहुँचबारे बहस सुरु भएको छ ।

सरकारले संसद्मा दर्ता गरेको 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) ऐन, २०८३'मा विशेष परिस्थितिमा चिकित्सकको सल्लाह र गर्भवती महिलाको मञ्जुरीमा जुनसुकै अवधिमा गर्भपतन गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ । हाल प्रचलित कानुनमा गर्भवती महिलाको ज्यानमा खतरा हुने, शारीरिक वा मानसिक स्वास्थ्यमा गम्भीर असर पर्ने वा भ्रूणमा गम्भीर समस्या देखिएमा २८ हप्तासम्म गर्भपतन गर्न सकिने व्यवस्था छ । प्रस्तावित संशोधनले विशेष अवस्थाका लागि यही समयसीमा हटाउन खोजेको हो । दुर्गम क्षेत्रका महिलाले समयमै स्वास्थ्य परीक्षण गर्न >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# आकांक्षीको व्यक्तिगत विवरण सार्वजनिक गर्न सकिँदैन : संघ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असोज

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार आकांक्षीको व्यक्तिगत विवरण तथा छनोट नभएको कारण सार्वजनिक गर्न नसकिने व्यहोरा वैदेशिक रोजगार विभागका महानिर्देशक नवराज ढकाललाई अवगत गराएको छ ।

विभागले असोज १२ गते वैदेशिक रोजगारीमा नेपाली कामदार पठाउने प्रयोजनका लागि प्रकाशित विज्ञापनमा आवेदन दिएका, तर छनोट नभएका व्यक्तिहरूको नाम तथा छनोट नभएको कारणसहितको विवरण वेबसाइटमा प्रकाशन गरी विभागमा उपलब्ध गराउन पत्र काटेको थियो ।

त्यस विषयमा गम्भीर ध्यानाकर्षण भएको भन्दै संघले आवेदनकर्ताको नामसँगै उक्त श्रमिक छनोट नभएको कारण, शारीरिक अवस्था, स्वास्थ्य, व्यक्तिगत योग्यता वा आचरणसँग सम्बन्धित विवरण सार्वजनिक रूपमा प्रकाशन गर्नु श्रमिक स्वयंको व्यक्तिगत गोपनीयता, प्रतिष्ठा तथा आत्मसम्मानमा प्रत्यक्ष असर पर्न सक्ने तथा नेपालको संविधानले विभिन्न धाराहरूमा >>> पृष्ठ २ मा

### युएईले खोल्यो युगान्डाका लागि भिसा नेपाललाई असर गर्ला ?

**काठमाडौं/मस–** संयुक्त अरब इमिरेट्स (युएई)ले युगान्डाका नागरिकमाथि लगाइएको भिसा प्रतिबन्ध हटाएको छ। यसबाट युएईमा नेपाली कामदारहरुको माग घट्ने या माग युगान्डातिर मोडिनसक्ने आकलन गरिएको छ।

युएईमा कार्यरत नेपाली अधिकारीहरूले नेपाल आउने डिमाण्ड प्रमाणीकरणमा ढिलासुस्ती गरिरहेको आरोप लागिरहेका बेला युएईले डेमोक्रेटिक रिपब्लिक अफ कंगो र दक्षिण सुडानका नागरिकहरूका लागि प्रवेशसम्बन्धी प्रतिबन्ध यथावत् राख्दै युगान्डाका नागरिकका लागि श्रम बजार खुला गरेको हो।

युएईले युगान्डाका नागरिकलाई श्रम बजार खुला गरेपछि युएईका रोजगारदाताले नेपालका लागि तयार पारेको डिमाण्डमा राष्ट्रियता परिवर्तन गरी युगान्डा पठाउने क्रमलाई >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



**सेयर...**

जेठ १३ गते २ हजार ७५५, असारमा २ हजार ६३२, साउन १५ गते २ हजार ६८५, भदौ १५ गते २ हजार ५१३ र असोज १५ गते २ हजार ५९९ विन्दुमा रहेको छ ।

पुँजी बजारलाई अर्थतन्त्रको महत्त्वपूर्ण सूचकका रूपमा हेरिन्छ । तर, सरकार गठनपछि बजारमा देखिएको निराशाले लगानीकर्ताको मनोबल कमजोर भएको देखाएको छ । नेपाल सेयरधनी संघका अध्यक्ष घनश्याम पाण्डेका अनुसार पछिल्लो ६ महिनामा सेयर बजारमा करिब ७ खर्ब रुपैयाँ बराबरको लगानी गुमेको छ ।

बजारमा लगानीयोग्य रकमको अभाव भने छैन । अहिले बैंकिङ प्रणालीमा करिब १४ खर्ब रुपैयाँ लगानीयोग्य रकम रहेको छ । बैंकको ब्याजदर पनि तुलनात्मक रूपमा सस्तो छ । बजारका लागि अनुकूल देखिने यी आधार हुँदाहुँदै पनि लगानीकर्तामा विश्वासको वातावरण बन्न नसक्दा सेयर बजार चलायमान हुन सकेको छैन ।

जेनजी आन्दोलनपछि सेयर बजार थप सुस्ताएको थियो । त्यसपछि भएको निर्वाचनबाट एउटै पार्टीको नेतृत्वमा प्रधानमन्त्री वालेन्द्र शाह र अर्थमन्त्रीमा डा. स्वर्णिम वाग्ले आएपछि लगानीकर्ताले बजारमा सुधार आउने अपेक्षा गरेका थिए । तर, सरकार गठनपछि पनि नेप्से बढ्नुको सट्टा घट्ने क्रममै रह्यो ।

**२१ बुँदे कार्ययोजनाले पनि दिएन गति**

सुस्ताएको पुँजी बजारलाई गति दिन अर्थ मन्त्रालयले २१ बुँदे पुँजी बजार सुदृढीकरण तथा पुनरुत्थान कार्ययोजना सार्वजनिक गरेको छ । तर, कार्ययोजना सार्वजनिक भएपछि पनि बजारमा अपेक्षित सुधार आउन सकेको छैन । सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत पुँजीगत लाभकरलाई अन्तिम करका रूपमा व्यवस्था गरेको थियो । बजेटपछि सेयर बजारमा उत्साह आउने अपेक्षा गरिएको भए पनि त्यसअनुसार बजार बढ्न सकेन । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सेयर बजार सुधारका लागि १० वटा नीति अघि सारे पनि त्यसले लगानीकर्तामा अपेक्षित विश्वास सिर्जना गर्न नसकेको देखिएको छ ।

**अर्थ समितिको पाचबुँदे निर्देशन**

पुँजी बजारमा देखिएका समस्या समाधान गर्न प्रतिनिधिसभाको अर्थ समितिले सम्बन्धित निकायलाई पाँचबुँदे निर्देशन दिएको छ । समितिले बजारलाई व्यवस्थित, पारदर्शी र आधुनिक बनाउन तथा लगानीकर्ताको हित संरक्षण गर्न जोड दिएको छ । बजारमा हुने कर्नरिङ, सर्कुलर ट्रेडिङ तथा पम्प-एन्ड-डम्पजस्ता गतिविधिको प्रभावकारी अनुगमन गरी संलग्न व्यक्ति वा कम्पनीमाथि कानुनबमोजिम कारबाही गर्न नेपाल धितोपत्र बोर्ड (सेबोन) र नेपाल स्टक एक्सचेन्ज (नेप्से)लाई निर्देशन दिइएको छ ।त्यस्तै, पुँजी बजारसम्बन्धी विद्यमान कानुनी संरचना पुनरावलोकन गरी सेबोन, नेप्से र सिडिएससीको भूमिका तथा जवाफदेहिता स्पष्ट हुने गरी नयाँ धितोपत्र विधेयक तत्काल तर्जुमा गरी संसद्मा प्रस्तुत गर्न अर्थ मन्त्रालय र सेबोनलाई निर्देशन दिइएको छ । कम्पनीलाई आइपिओ निष्कासन अनुमति दिनुअघि पुँजी पर्याप्तता, प्रविधि, नेटवर्थ, वासलात र प्रतिफललगायत वित्तीय सूचकका आधारमा ग्रेडिङ तथा प्राथमिकीकरण गर्न पनि समितिले भनेको छ ।

नेप्सेको पुनर्संरचना, अनलाइन ट्रेडिङ सिस्टम (नट्स) तथा डाटा प्रणालीमा देखिएका समस्या तत्काल समाधान गर्न र साइबर सुरक्षा मजबुत बनाउन पनि समितिले निर्देशन दिएको छ । नेप्से र सिडिएससीमा लामो समयदेखि रिक्त रहेका प्रमुख कार्यकारी अधिकृत (सिइओ) पदमा खुला तथा पारदर्शी प्रक्रियाबाट तत्काल नियुक्ति अघि बढाउन अर्थ मन्त्रालयलाई निर्देशन दिइएको छ ।

**बोर्ड भन्छ– सुधार हुँदै छ**

नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. गोपालप्रसाद भट्टले नेपालको पुँजी बजारलाई व्यवस्थित, पारदर्शी, विश्वसनीय तथा लगानीमैत्री बनाउन बोर्डले निरन्तर काम गरिरहेको बताएका छन् । बुधबार प्रतिनिधिसभाको अर्थ समितिको बैठकमा उनले पुँजी बजारमा देखिएका समस्या समाधान गर्न नीतिगत तथा कानुनी सुधारलाई प्राथमिकता दिएको बताए ।

बैठकमा अर्थ मन्त्रालयका सहसचिव महेश आचार्यले पुँजी बजारलाई व्यवस्थित बनाउन अर्थ मन्त्रालयले २१ बुँदे कार्ययोजना अघि बढाएको जानकारी दिए । सांसद पर्शुराम तामाङले अर्थतन्त्रसँगै पुँजी बजारलाई पनि चलायमान बनाउन सरकारले आवश्यक पहल गर्नुपर्ने धारणा राखे ।

सरकार गठन, बजेट र नीतिगत सुधारपछि पनि सेयर बजारमा अपेक्षित उत्साह नदेखिनुले बजारको समस्या केवल ब्याजदर वा लगानीयोग्य रकमको अभावमा सीमित नरहेको संकेत गरेको छ । बैंकमा ठुलो रकम लगानीका लागि उपलब्ध हुँदाहुँदै लगानीकर्ता बजारमा प्रवेश गर्न हिच्किचाइरहेका छन् ।

बजारको पछिल्लो व्यवहारमा लगानीकर्ताको मनोविज्ञान निर्णायक देखिएको छ । अहिले उनीहरूको प्राथमिकता नयाँ लगानी थप्नुभन्दा जोखिमबाट जोगिनेतर्फ बढी केन्द्रित देखिन्छ । त्यसैले बजारलाई पुनः गति दिन नीतिगत घोषणा मात्र होइन, लगानीकर्तामा विश्वास र सुरक्षित लगानी वातावरण निर्माण गर्नु मुख्य चुनौती बनेको छ ।

**ठुला...**

पनि त्यसको अपेक्षित प्रभाव बजारमा नदेखिएको उनी बताउँछन् । 'धेरैजसो नीतिगत विषय सम्बोधन भइसकेका छन् । तर पनि लगानीकर्ता बजारप्रति आकर्षित हुन सकेका छैनन्,' उनले भने ।

पछिल्लो समय सेयर बजारको गतिविधि राजनीतिक वातावरणसँग समेत जोडिएको छ । व्यापारिक घराना, व्यवसायी तथा विभिन्न क्षेत्रका लगानीकर्ता नयाँ लगानी र कारोबार गर्नुभन्दा 'पर्ख र हेर'को अवस्थामा छन् । 'अहिले कारोबार बढाउने, ऋण लिएर व्यवसाय विस्तार गर्ने वातावरण सिर्जना हुनुभन्दा पनि नकारात्मक पक्षतर्फ जाने हो कि भन्ने आशंका लगानीकर्तामा छ । सरकारप्रति उनीहरू पूर्ण रूपमा आश्वस्त हुन सकेका छैनन्,' उनले भने ।

साना लगानीकर्ताको सहभागिता महत्त्वपूर्ण भए पनि बजारको समग्र कारोबारमा ठुला लगानीकर्ताको गतिविधिको प्रभाव बढी छ । ठुला लगानीकर्ता डराउनेबित्तिकै बजारमा त्यसको स्वतः असर पर्छ । 'साना लगानीकर्ताले थोरै-थोरै कारोबार गर्ने हो । ठुला लगानीकर्ता नै कारोबार नगरी चुप लागेर बस्दा कारोबार घट्छ र बजारले पनि सपोर्ट पाउँदैन,' लम्सालले भने ।

लगानी गर्दा स्रोतबारे पछि अनुसन्धान हुने हो कि भन्ने आशंका समेत लगानीकर्तामा रहेको उनले बताए । 'लगानी गर्दा पैसा कहाँबाट ल्यायो, के गऱ्यो भनेर भोलि इन्क्वायरी हुने हो कि भन्ने सोच धेरैमा छ,' उनले भने, 'त्यसैले अहिले दुई-चार महिना हेरौं, व्यापार तीन-छ महिनापछि गरे पनि हुन्छ । अहिले किन अनावश्यक जोखिम लिने भन्ने सोच धेरैमा देखिन्छ ।' सरकारी संयन्त्रबाट हुने गतिविधि र कारबाहीप्रति पनि लगानीकर्ता पूर्ण रूपमा आश्वस्त हुन नसकेको उनले बताए ।

**आरक्षणमा...**

खुला र ४९ प्रतिशत आरक्षणका लागि छुट्याइन्छ । उक्त आरक्षणको ४९ प्रतिशतलाई शतप्रतिशत मानेर यसमा महिलाका लागि ५० प्रतिशत छुट्याइन्छ ।

हाल आरक्षण प्रतिशत ४५ छ । यसलाई पनि बढाएर ४९ प्रतिशत पुऱ्याउने र आरक्षणभित्रको कोटामा महिलाका लागि ५० प्रतिशत छुट्याउने गरी विधेयक आएको हो ।

विधेयकअनुसार कुल आवश्यक पदमध्ये ५१ प्रतिशत खुला र ४९ प्रतिशत आरक्षणका लागि छुट्याइन्छ । उक्त आरक्षणको ४९ प्रतिशतलाई शतप्रतिशत मानेर यसमा महिलाका लागि ५० प्रतिशत छुट्याइन्छ ।

महिला क्लस्टरभित्र पनि समावेशी व्यवस्था प्रस्तावित छ । यो नयाँ व्यवस्था हो ।

विधेयकमा उल्लेख भएअनुसार महिलाका लागि छुट्याइएको आरक्षणको ५० प्रतिशतलाई शतप्रतिशत मानेर आठ समूहमा विभाजन गरिएको छ । विधेयकअनुसार खस-आर्य महिलाका लागि २७.७ प्रतिशत, आदिवासी जनजातिका लागि २५.७ प्रतिशत, मधेसीका लागि १५.३ प्रतिशत र दलितका लागि १२.७ प्रतिशत कोटा प्रस्ताव गरिएको छ ।

त्यस्तै, थारू महिलाका लागि ६.६ प्रतिशत, मुस्लिम महिलाका लागि ४ प्रतिशत, पिछडिएको क्षेत्रका महिलाका लागि ४ प्रतिशत र अपांगता भएका महिलाका लागि ४ प्रतिशत आरक्षण प्रस्ताव गरिएको छ ।

विधेयक संसद्मा पुगेपछि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले प्रस्तुत विधेयकलाई गहन अध्ययन तथा व्यापक छलफलपछि अन्तिम रूप दिइएको बताएकी छन् । 'संघीय शासन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न महत्वपूर्ण आधार प्रदान गर्नुका साथै सुशासन र सार्वजनिक प्रशासन सुधारको दिशामा पनि यो महत्वपूर्ण कोसेढुंगा बन्ने विश्वास लिएका छौं,' उनले भनिन् ।

सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीमा सरकार गठन भएको ४५ दिनभित्र यो विधेयक तर्जुमा गर्ने उल्लेख थियो । तर ढिलो गरी विधेयक अगाडि बढेको छ ।

**सेवामा बढ्दै आकर्षण**

१७ वर्ष निजामती सेवामा महिला सहभागिता १२ प्रतिशतबाट बढेर ३० प्रतिशत पुगेको छ । ०६५ असारसम्म निजामती सेवामा महिलाको संख्या १२ प्रतिशत रहेकामा ०८२ फागुनसम्म तीनै तहका सरकारी निकायमा कार्यरत महिला कर्मचारीको संख्या ३० प्रतिशत पुगेको हो ।

आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार पछिल्लो १७ वर्षमा निजामती सेवामा महिला सहभागिता १२ प्रतिशतबाट बढेर ३० प्रतिशत पुगेको छ । ०६५ असारसम्म निजामती सेवामा महिलाको संख्या १२ प्रतिशत रहेकामा ०८२ फागुनसम्म तीनै तहका सरकारी निकायमा कार्यरत महिला कर्मचारीको संख्या ३० प्रतिशत पुगेको हो । संविधानको समावेशी सिद्धान्तअनुसार निजामती सेवा ऐनले लोकसेवामार्फत हुने कर्मचारी नियुक्तिमा महिलाका लागि ३३ प्रतिशत कोटा तोकेको थियो । नेपालले आर्थिक वर्ष ०६४/६५ देखि सरकारी सेवामा समावेशी पदपूर्तिको व्यवस्था कार्यान्वयन गर्दै आएको छ ।

तीनै तहका सरकारी निकायमा महिला कर्मचारीको संख्या ३० प्रतिशत पुगे पनि तहगत रूपमा भने ठुलो अन्तर देखिन्छ ।

राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता भएको विवरणअनुसार स्थानीय तहमा महिला कर्मचारीको सहभागिता सबैभन्दा बढी छ । स्थानीय तहमा कार्यरत कुल ३१ हजार ५०२ कर्मचारीमध्ये पुरुष १९ हजार ३५ र महिला १२ हजार ४६७ छन् । पुरुषको हिस्सा ६०.४२ प्रतिशत र महिलाको ३९.५८ प्रतिशत छ ।

संघमा कार्यरत कुल ३९ हजार ८८८ कर्मचारीमध्ये पुरुष ३० हजार १४१ अर्थात् ७५.५६ प्रतिशत छन् । महिला कर्मचारीको संख्या नौ हजार ७४७ अर्थात् २४.४४ प्रतिशत छ ।

प्रदेशमा कार्यरत १३ हजार ८५० कर्मचारीमध्ये पुरुष १० हजार ५०९ अर्थात् ७५.८८ प्रतिशत र महिला तीन हजार ३४१ अर्थात् २४.१२ प्रतिशत छन् ।

यसअनुसार स्थानीय तहमा महिला सहभागिता ३९.५८ प्रतिशत रहेकामा संघमा २४.४४ र प्रदेशमा २४.१२ प्रतिशत छ ।

सरकारी सेवाका केही क्षेत्रमा भने महिलाको सहभागिता पुरुषको भन्दा बढी छ । आर्थिक सर्वेक्षणअनुसार स्वास्थ्य सेवामा कार्यरत कर्मचारीमध्ये ५४.७ प्रतिशत महिला र ४५.३ प्रतिशत पुरुष छन् ।

नेपालमा १० वर्षे सशस्त्र द्वन्द्व र वि.सं. २०६२/०६३ को जनआन्दोलनले राज्यको संरचना र शासन व्यवस्थामा परिवर्तनको आधार तयार गऱ्यो । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै समावेशीकरणको मुद्दाले थप संस्थागत स्वरूप प्राप्त गऱ्यो । नेपालको अन्तरिम संविधान, २०६३ ले समानुपातिक निर्वाचन प्रणालीलाई अंगीकार गरेपछि विभिन्न वर्ग, जाति, समुदाय र क्षेत्रको राज्यका निकायमा प्रतिनिधित्व सुनिश्चित गर्ने आधार तयार भयो ।

यसै क्रममा सरकारले आर्थिक वर्ष २०६४/६५ देखि सरकारी सेवामा समावेशी पदपूर्तिको व्यवस्था कार्यान्वयन गर्दै आएको छ । यस व्यवस्थामार्फत महिलालगायत सीमान्तकृत तथा पछाडि पारिएका समुदायको राज्यका विभिन्न निकायमा सहभागिता क्रमशः बढ्दै गएको सरकारी तथ्यांकले देखाउँछ ।

**महिनावारी...**

यदि उक्त विधेयक संसद्बाट पारित भई ऐनका रूपमा लागू भएमा सरकारी सेवामा कार्यरत महिला कर्मचारीले महिनावारीका समयमा छुट्टै बिदा लिन सक्नेछन् । यस्तो व्यवस्थाले कार्यस्थलमा महिला कर्मचारीको स्वास्थ्य, सहजता र अधिकारलाई थप सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।

विश्वका धेरै देशमा महिनावारीको समयमा बिदा दिने अभ्यास हुँदै आएको छ । जापानमा सन् १९४७ देखि महिनावारी बिदाको कानुनी व्यवस्था छ । महिनावारीका कारण काम गर्न कठिन भए बिदा लिन सकिने भए पनि निश्चित दिन तोकिएको छैन र बिदा अनिवार्य रूपमा तलबसहित हुनुपर्ने व्यवस्था छैन । दक्षिण कोरियामा महिला कर्मचारीले महिनामा एक दिन महिनावारी बिदा लिन पाउँछन् ।

ताइवानमा महिनामा एक दिनसम्म महिनावारी बिदा लिन सकिन्छ । इन्डोनेसियामा महिनावारीको पहिलो र दोस्रो दिन काम गर्न नसक्ने महिलाले बढीमा दुई दिन बिदा लिन सक्ने व्यवस्था छ । भियतनाममा महिनावारीका बेला कम्तीमा तीन दिनसम्म प्रत्येक दिन ३० मिनेटको तलबसहित विश्राम दिने व्यवस्था छ । यस्तो विश्राम नलिए थप भुक्तानीको प्रावधानसमेत छ ।

स्पेनले सन् २०२३ देखि गम्भीर महिनावारी पीडाका कारण काम गर्न नसक्ने अवस्थाका लागि तलबसहित बिदाको व्यवस्था गरेको छ । चिकित्सकीय स्वीकृतिमा निश्चित अवस्थामा पाँच दिनसम्म बिदा लिन सकिन्छ । पोर्चुगलले सन् २०२५ देखि गम्भीर महिनावारी पीडाका लागि लगातार तीन दिनसम्म तलबसहित बिदाको व्यवस्था गरेको छ ।

जाम्बियामा महिनामा एक दिन महिनावारी बिदा लिन सकिन्छ । यो बिदा 'मदर्स डे'का रूपमा समेत चिनिन्छ । केन्यामा राष्ट्रिय कानुनले महिनावारी बिदा दिएको छैन । तर नैरोबी काउन्टीले सन् २०२५ को डिसेम्बरदेखि काउन्टी सरकारका महिला कर्मचारीलाई महिनामा दुई दिन तलबसहित महिनावारी बिदा दिने नीति लागू गरेको छ ।

**गर्भपतनको...**

नपाउने, भ्रूणमा देखिने जटिलता ढिलो पत्ता लाग्ने तथा उच्च जोखिमयुक्त गर्भावस्थामा समयमै उपचार नपुग्ने अवस्थाका कारण बाध्यात्मक समयसीमाले महिलाको ज्यान जोखिममा पार्न सक्ने सरकारी दाबी छ । त्यसैले चिकित्सकीय निर्णयका आधारमा कानुनलाई थप लचिलो बनाउन खोजिएको हो ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले असोज ५ गते विधेयक संसद्मा दर्ता गरेकी हुन् । विधेयकमा सुरक्षित गर्भपतनसम्बन्धी प्रावधान तथा त्यससँग सम्बन्धित केही परिभाषासमेत परिवर्तन गर्न प्रस्ताव गरिएको छ ।

**तीन अवस्थामा समयसीमा नहुने प्रस्ताव**

विधेयकले विशेष तीन अवस्थालाई आधार बनाएर जुनसुकै अवधिमा गर्भपतन गर्न सकिने व्यवस्था प्रस्ताव गरेको छ । वंशानुगत समस्या वा अन्य कारणले भ्रूणमा अशक्तता हुने अवस्था देखिएमा गर्भवती महिलाको मञ्जुरीमा जुनसुकै समयमा गर्भपतन गर्न सकिने प्रस्ताव छ । त्यस्तै, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्ने, शारीरिक वा मानसिक स्वास्थ्यमा गम्भीर खतरा हुने वा विकलांग बच्चा जन्मने अवस्था देखिएमा पनि गर्भपतन गर्न सकिने भनिएको छ । गर्भमै नष्ट हुन सक्ने वा जन्मिएपछि पनि बाँच्न नसक्ने अवस्था हुने चिकित्सकीय निष्कर्ष आएमा पनि जुनसुकै समयमा गर्भपतन गर्न सकिने प्रस्ताव छ । यसका लागि इजाजतप्राप्त चिकित्सकको सल्लाह र गर्भवती महिलाको मञ्जुरी आवश्यक भनिएको छ । यहाँसम्म कुनै विवाद छैन ।

१८ वर्षभन्दा कम उमेरकी बालिका जबरजस्ती करणी वा हाडनाता करणीबाट गर्भवती भएमा जुनसुकै अवधिमा गर्भपतन गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ । तर, १८ वर्षभन्दा माथिकी महिलाको हकमा जबरजस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहेमा २८ हप्तासम्म गर्भपतन गर्न पाउने हालको व्यवस्था यथावत् राखिएको छ ।

प्रस्तावित व्यवस्थाप्रति चिकित्सकहरू भने सशंकित छन् । स्त्रीरोग तथा प्रसूति विशेषज्ञ प्रा.डा. जागेश्वर गौतम २२ हप्तापछि गरिने गर्भपतनलाई शिशुको जीवनसँग जोडेर हेर्नुपर्ने बताउँछन् । '२२ हप्तापछि जुनसुकै कारणले गरिए पनि त्यो गर्भपतन नभएर 'मर्डर' हो । २६ हप्तासम्मका सयौं बच्चा मैले नै बचाइसकेको छु,' उनी भन्छन्, 'सरकारले व्यवस्था गऱ्यो भन्दैमा जिउँदो र बाँच्न सक्ने बच्चाको घाँटी थिचेर मार्न सकिँदैन ।'

राज्यले ज्येष्ठ नागरिक, बालबालिका तथा अपांगता भएका व्यक्तिलाई सुरक्षा दिएझैं समय नपुगी जन्मेका र असहाय भ्रूणको बाँच्न पाउने अधिकारको समेत संरक्षण गर्नुपर्ने उनको तर्क छ । 'गर्भमा भएको बच्चालाई आमा बालिका हो कि, म्यारिड हो कि, सम्बन्ध वैध हो कि अवैध हो के थाहा हुँदैन,' उनले भने, '२२ हप्तापछि त्यो शिशुले बाँच्न पाउनुपर्छ । सम्बन्ध वैध थियो कि अवैध भन्ने कुरालाई बच्चा मार्न पाइँदैन ।'

जबरजस्ती करणी वा हाडनाता करणीका कारण गर्भ रहेको भए पनि गर्भभित्रको बच्चालाई त्यसबारे थाहा नहुने भएकाले उसको जीवन रक्षा गर्ने दायित्व राज्यको भएको गौतमले बताए । उनका अनुसार, सामान्यतया गर्भ रहेको ६ हप्तामै थाहा हुने र १८ देखि २० हप्तामा गर्भमा बच्चा चल्ने भएकाले त्यसअघि नै स्वास्थ्य संस्थामा पुगेर गर्भको अवस्था पहिचान गर्नुपर्छ । 'ढिलो गरी २८ वा ३२ हप्तामा गर्भपतनको माग गर्नुको साटो वडा, पालिका र प्रदेश सरकारहरूले स्थानीय स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी २० देखि २२ हप्ताभित्रै गर्भको स्थिति पहिचान गर्ने वातावरण बनाउनुपर्छ,' उनले भने ।

नेपालमा गर्भपतनसम्बन्धी कानुनी व्यवस्था र यसको व्यावहारिक कार्यान्वयनबीच पनि समस्या देखिएको छ । संसद्ले २८ हप्तासम्म गर्भपतन गर्न पाउने व्यवस्था गरे पनि नियमावली बन्न नसकेको र चिकित्सकहरूले २२ हप्ताभन्दा पछिको गर्भपतन गर्न अस्वीकार गर्दै आएको बताइएको छ ।

**जबरजस्ती गर्भपतन गराउन नपाइने**

विधेयकले गर्भवती महिलालाई आर्थिक वा अन्य कारण देखाएर गर्भपतन वा प्रसूति सेवा दिनबाट स्वास्थ्य संस्थाले इन्कार गर्न नपाउने व्यवस्था पनि प्रस्ताव गरेको छ । गर्भवती तथा सुत्केरी महिलामाथि हिंसा गर्न नपाउने र महिलाको इच्छाविपरीत गर्भपतन गराउन नपाउने प्रावधान पनि विधेयकमा राखिएको छ ।

करकाप, धम्की, ललाइफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने व्यवस्था प्रस्ताव गरिएको छ । गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी कुनै काम गरी गर्भपतन गराएमा वा गराउन सहयोग गरेमा बलपूर्वक गर्भपतन गराएको मानिने व्यवस्था विधेयकमा छ ।

त्यस्तै, गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मिएर त्यस्तो कामको परिणामस्वरूप तत्काल मृत्यु भएमा पनि बलपूर्वक गर्भपतन गराएको मानिने प्रस्ताव गरिएको छ । कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा उनको ज्यान जोगिए पनि गर्भपतन हुन गएमा पनि त्यस्तो कार्यलाई बलपूर्वक गर्भपतनका रूपमा लिइनेछ । गर्भवती महिलाविरुद्ध रिसइबीका कारण कुनै काम गर्दा गर्भपतन भएमा र गर्भपतन गराउने नियत नभए पनि बलपूर्वक गर्भपतन गराएको मानिने व्यवस्था प्रस्ताव गरिएको छ ।

**प्रजनन अधिकारको प्रश्न**

महिला अधिकारकर्मीहरूले प्रस्तावित व्यवस्थालाई प्रजनन अधिकारसँग जोडेर हेरेका छन् । उनीहरूका अनुसार गर्भावस्थासम्बन्धी अन्तिम निर्णय महिलाको स्वास्थ्य र जीवनसँग प्रत्यक्ष जोडिएकाले कानुनले ज्यान जोगाउने पक्षलाई प्राथमिकता दिनुपर्छ ।

नेपालले मातृ मृत्युदर घटाउन उल्लेख्य प्रगति गरे पनि उच्च जोखिमयुक्त गर्भावस्था, स्वास्थ्य सेवामा पहुँचको असमानता र ढिलो उपचारका समस्या अझै कायम छन् । राष्ट्रिय महिला आयोगकी सदस्य कृष्णकुमारी पौडेल खतिवडाले भने गर्भपतनको व्यवस्थालाई जथाभावी प्रयोग गर्न नहुने बताइन् । 'यो जथाभावी यौनसम्पर्क गर्ने, गर्भपतन गर्ने विषय होइन,' उनले भनिन्, 'गर्भपतनको प्रकृति हेरेर गर्नुपर्छ ।'

**आकांक्षीको...**

मौलिक हकका रूपमा गरेको व्यवस्थाविपरीत देखिएकोले माग भएको विवरण दिन नसकिने बताएको छ ।

संघले संविधानको धारा १८ ले शारीरिक अवस्था तथा स्वास्थ्य स्थितिका आधारमा भेदभाव नगर्ने व्यवस्था गरेको, धारा २८ ले व्यक्तिको जीउ, तथ्यांक तथा चरित्रसम्बन्धी विषयको गोपनीयतालाई कानुनबमोजिम बाहेक अनतिक्रम्य मानेको बताएको छ ।

यस्तै संघले वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ३ ले व्यक्तिको शारीरिक तथा निजी जीवनसम्बन्धी विषयको गोपनीयता संरक्षण गरेको र दफा १२(४)ले स्वास्थ्य परीक्षण तथा रोजगारीसम्बन्धी विवरण मञ्जुरीबिना अरूलाई दिन वा सार्वजनिक गर्न नहुने व्यवस्था गरेको तथा सोही ऐनको दफा १५ ले व्यक्तिको चरित्र, आचरण तथा व्यवहारको गोपनीयता संरक्षण गरेको विषयमा विभागको ध्यानाकर्षण गराएको छ ।

संघले सम्बन्धित व्यक्तिको स्पष्ट मञ्जुरीबिना व्यक्तिगत विवरण सार्वजनिक गरेको अभियोग लाग्न सक्ने र नैतिक भर्ना प्रक्रियाअन्तर्गत श्रमिकहरू पठाउँदा कम्पनीको पोलिसी र आचारसंहिताविपरीत हुने भएकाले व्यक्तिगत विवरण तथा छनोट नभएको व्यक्तिगत कारण सार्वजनिक रूपमा प्रकाशन गर्न कानुनसम्मत नहुने बताएको छ ।

संघको ध्यानाकर्षणपछि महानिर्देशक ढकालले भर्ना प्रक्रियामा सहभागी भएका सबै नभई छनोट भएका श्रमिकको मात्रै विवरण उपलब्ध गराउन सहमति जनाएको संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले जानकारी दिए ।

संघको विभाग समन्वय समिति संयोजक तथा तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलले विगतमा भारतीय विमानस्थलबाट कामदार उडाएको विषयमा विभागले माग गरेको स्पष्टीकरण र कारबाहीमा समीक्षा गरी विवरण मिसम्याच भएका व्यवसायीबाट पुनः विवरण माग गर्ने सहमति भएको बताए ।

विभागकी तत्कालीन महानिर्देशक मिरा आचार्यको कार्यकालमा ५६९ व्यवसायीलाई स्पष्टीकरण सोधिएकोमा १२४ व्यवसायीलाई दोस्रो पटक स्पष्टीकरण सोधी ३९ जनालाई ५० हजार जरिवाना गरिएको थियो । त्यसमा संघले छानबिनको माग गरेपछि १८ व्यवसायीले सफाइ पाएका थिए ।

विभागले बिहीबार बाँकी २१ व्यवसायीलाई कारबाहीको पत्र काट्ने तयारी गरेको थियो । तर संघका तर्फबाट २१ व्यवसायीलाई कारबाही गर्नु अन्यायपूर्ण हुने भन्दै विवरण माग गर्न आग्रह गरेपछि उनीहरूलाई सोमबारसम्म विवरण बुझाउने समय मिलेको पनि तृतीय उपाध्यक्ष पौडेलले बताए ।

व्यवसायीले बुझाएका विवरण उचित स्थानमा नराखी छरपस्ट भएका कारणले व्यवसायी कारबाहीमा परेको देखिएपछि पुनः विवरण माग गर्ने सहमति बनेको हो । पौडेलले विभागसमक्ष उजुरी दर्ताको प्रक्रियामा प्रश्न उठाउँदै २२ महिनासम्म काम गरेका, रेड जोनमा परेका वा जरिवाना परेकाहरूले पनि स्वदेश फर्केर बिना प्रमाण उजुरी दर्ता गर्दा व्यवसायी गल्तीबिना नै समस्यामा परेको बताएपछि उजुरी दर्ता गर्दा स्पष्ट प्रमाण बुझेर मात्रै प्रक्रियामा लैजाने सहमति भएको पनि जानकारी दिए ।

**युएईले...**

तीव्रता दिएको बताइएको छ । युएईको अबुधाबीमा नेपाली दूतावास र दुबईमा महावाणिज्यदूतावास रहेका छन् । दुवै स्थानबाट नेपाल आउने मागपत्र प्रमाणीकरण हुने गरेको छ । तर नेपाली दूतावास र महावाणिज्यदूतावासले प्रमाणीकरण झण्झटिलो बनाउने गरेकाले रोजगारदाताहरू चिढिएको कतिपय व्यवसायीहरु बताउककछन् ।

यस्तो अवस्थामा युगान्डालाई श्रम बजार खुला गर्दा त्यसको प्रत्यक्ष असर नेपाली श्रमिकमाथि पर्ने आकलन वैदेशिक रोजगार व्यवसायीहरूको छ । व्यवसायीहरूले ठुला परियोजना सञ्चालन गर्ने बहुराष्ट्रिय कम्पनीहरू वा ठुला रोजगारदाताले पेस गर्ने डिमाण्ड प्रमाणीकरण गर्दा चित्तबुझ्दो कारण नदिएर आधा मात्रै प्रमाणीकरण गर्ने, कम्पनी भिजिट गर्नुपर्छ भनेर अलमल्याउने गरिएको गुनासो गरेका छन् । अबुधाबीभन्दा केही समयअघि दुबईमा स्थापना भएको महावाणिज्यदूतावासको सेवा प्रवाहमा कमजोरी हुने गरेको बढी गुनासो छ ।

युएईका अधिकारीहरूले नेपाली श्रमिकमाथि सुरक्षाको प्रश्न उठाउने गरे पनि इबोला महामारीबाट भर्खरै मात्र बाहिर आएको युगान्डालाई श्रम बजार खुला गर्नुमा सहज रूपमा नेपाली श्रमिक जान नसकेको घटनालाई पनि प्रमुख कारण मानिएको छ । मलेसियाको रोजगारमाथि किचलो सिर्जना भएको अवस्थामा जाने क्रममा सुस्तता आएको भए पनि युएई नेपालका श्रमिकको विकल्प बनेको थियो । गत वर्षको भदौमा १७ हजार ४०६ जना नेपाली श्रमिक गएको युएईमा यस वर्षको भदौमा संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत १० हजार ९७८ जना मात्र युएई गएका थिए । युएईमा युगान्डाका नागरिक घरेलु काम, सफाइ र सुरक्षादेखि बैंकिङजस्ता व्यावसायिक पदमा कार्यरत छन् । सरकारी अधिकारीहरुले भने मागपत्र प्रमाणीकरण कार्यविधि, प्रधानमन्त्री कार्यालय र परराष्ट्र मन्त्रालयको निर्देशन र नेपाल र युएईबीच भएको श्रम सम्झौताकै आधारमा मागपत्र प्रमाणीकरण हुने गरेको बताएका छन् । युएईमा नेपाल सरकारले न्यूनतम मासिक तलब एक हजार दिराम र खाना बापत ४ सय तोकेकाले त्यसलाई कडाइका साथ पालना गरिरहेको उनीहरूको भनाइ छ ।

नेपाली श्रमिकहरू अलपत्र पर्दा या मृत्यु हुँदा उद्धारमा कठिनाइ भएकाले समेत सचेत हुनुपरेको उनीहरूको भनाइ छ । सम्बन्धित रोजगारदाताहरूबाट श्रमिकको तलब तथ्यांक माग्दा पुरानै ८ सय दिरामको आउने गरेको, तर नेपाल सरकारको निर्णय अनुसार १ हजार दिराम भएका मागपत्र मात्र प्रमाणीकरण गरिएको बुझिएको छ । यही अवस्थालाई कतिपय व्यवसायीहरूले नै अनुशरण गरेपनि केही बिचौलियाहरूले दूतावास र महावाणिज्यदूतावासविरुद्ध लान्छना लगाउने गरेको पाइएको छ । यस्तै नेपालको विकल्प युगान्डा हुन नसक्ने पनि जानकारहरू बताउँछन् ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/११/१९ मा दर्ता भएको **दर्ता. नं. ८११६५/०६७/०६८** को **मेची काली इन्टरनेशनल प्रा. लि.** को मिति २०८३/०६/१५ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः नीलकण्ठ पोखरेल,**
**इजाजत पत्र नं. ५१२, ठेगाना : त्रिपुरेश्वर**
**काठमाडौं, फोन नं. ९८५१००६०४६**

**पर्सा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पर्सा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**स्वयम सेवक शिक्षक आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१६ गते**

यस पर्सा गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरूको अधिनमा रही तपसिलका **स्वयम सेवक शिक्षक**हरू सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले, योग्यता पुगेको नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र विदा भएमा सोको भोलिपल्ट यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ ।

**१. विज्ञापन नं.: १/२०८३/०८४**

| सि.नं. | विषय | तह/संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | नि.मा.वि. | मा.वि. | |
| 1 | अंग्रेजी | १ | | |
| 2 | नेपाली | १ | १ | |
| 3 | गणित | | २ | |
| 4 | सामाजिक | | १ | |
| 5 | विज्ञान | २ | १ | |
| ६ | अर्थ शास्त्र | | १ | |
| ७ | स्वयमसेविका शिक्षक बालविकास | १ | | महिला |

**२. आवश्यक न्युनतम शैक्षिक योग्ता र अनुभव** :

| मा.वि. तहको लागि | नि.मा.वि./प्रा.वि. तहको लागि |
|---|---|
| **(क) शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उतिर्ण गरि शिक्षा विषयमा १० महिने तालिम प्राप्त वा शिक्षा शास्त्रमा स्नातक वा सो सरहको परिक्षामा २०० पूर्णाकंको शिक्षा विषय लिई उतिर्ण गरेको र स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको। विज्ञान र अर्थ शास्त्र विषयको हकमा अध्यापन अनुमती पत्र र उमेरको हद नलाग्ने । | **(क) शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण तह वा सो सरह उतिर्ण गरि शिक्षा विषयमा १० महिने तालिम प्राप्त वा शिक्षा शास्त्रमा प्रविणता प्रमाण वा सो सरहको परिक्षामा २०० पूर्णाकंको शिक्षा विषय लिई उतिर्ण गरेको र स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको । विज्ञान र अर्थ शास्त्र विषयको हकमा अध्यापन अनुमती पत्र र उमेरको हद नलाग्ने । |
| **(ख) उमेर**: २१ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको \| | **(ख) उमेरः** १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको\| |
| **(ग) आवेदन दस्तुरः** १०००\|- मात्र | **(ग) आवेदन दस्तुरः** ७५०\|- मात्र |

३. **आवश्यक कागजातहरू** : व्यक्तिगत विवरण, नेपाली नागरिताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाल बाहिरबाट शिक्षा हासिल गरेकोहरूमा सो प्रमाणपत्रहरूको नेपालको विश्वविधालयबाट समकक्षता निर्धारण गराएको प्रमाणपत्र, कार्य अनुभव भए त्यसको प्रमणपत्रहरु आदि साथै अनुभवीलाइ विशेष ग्रहयाता दिने छन् ।

४. फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको, भविष्यमा सरकारी नोकरीका लागि अयोग्य ठहरिने गरी भष्टाचारको अभियोगमा प्रमाणित नभएको र कुनै पनि राजनीतिक दलमा प्रतिनिधि सदस्यका (निर्वाचित वा मनोनित) रुपमा आवद्ध नभएको ।

७. **सेवा किसिम** : पूर्ण कालिन

८. **परीक्षाको किसिम** : लिखित (वस्तुगत मात्र), मौखिक ।

९. **करारको अवधि** : आ.व. २०८३/०८४ को अषाढ मसान्त सम्म ।

१०. **तलव स्केल** : नि मा बि रू. २०००० र मा वि रू. २५००० मासिक ।

११. **आवेदन दिने स्थान र तरिका** : पर्सा गाउँपालिका शिक्षा शाखा, आवशयक कागजात सहित तोकिएको शुल्क नेपाल बैंक लि. पर्सा शाखा स्थित आन्तरिक राजस्व खाता नं. 26303000001001000001 तिरी भौचर सलंग्न राखी निवेदन सहित आवेदन दिनु पर्नेछ |

१२. **आवेदन दिने अन्तिम मिति** : २०८३/०६/३० गते सम्म, **सम्पर्क मिति**: २०८३/०६/३० दउँसो ३ बजे पछि ।

**(प्रमुख प्रशासकीय अधिकृत)**

# रासायनिक मलको बजार सुनिश्चित गर्न अध्ययन कार्यदल गठन

**काठमाडौं/मस-** नेपालमा रासायनिक मल कारखाना स्थापना भएका खण्डमा उत्पादित मलको खरिद सुनिश्चितताका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था पहिचान गर्न कृषि, वन तथा पर्यावरण मन्त्रालयले अध्ययन कार्यदल गठन गरेको छ।



कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले आज मन्त्रिस्तरीय निर्णय गर्दै कृषि, अर्थ, उद्योग तथा ऊर्जा मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयका विज्ञ सम्मिलित कार्यदल गठन गरेकी हुन्।

मन्त्रालयका प्रवक्ता डा.महेश्वर ढकालले नेपालमा रासायनिक मल उत्पादन सुरु भएपछि उत्पादित मलको बजार सुनिश्चितता, सरकारी खरिदको सम्भावना, खरिद सुनिश्चिततासम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्था र आवश्यक संस्थागत संरचनाबारे कार्यदलले अध्ययन गर्ने जानकारी दिए। 'नेपालमा रासायनिक मल कारखाना स्थापना गरी आयातमा निर्भरता घटाउने उद्देश्य अघि बढिरहे पनि स्वदेशमा उत्पादित मलको खरिद सुनिश्चितताका सम्बन्धमा हालसम्म स्पष्ट कानुनी व्यवस्था नरहेको अवस्थामा आवश्यक कानुनी तथा नीतिगत बाटो पहिचान गर्न कार्यदल गठन गरिएको हो,' उनले भने।

कार्यदलले विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको अध्ययन गरी नेपालमै उत्पादित मलको खरिद सुनिश्चितताका लागि आवश्यक कानुनी व्यवस्था, प्रक्रिया तथा संस्थागत प्रबन्धबारे सुझावसहितको प्रतिवेदन ३० दिनभित्र पेस गर्नेछ।

मन्त्रालयका अनुसार नेपालमा रासायनिक मल कारखाना स्थापना भएमा उत्पादित मलको बजार तथा सरकारी खरिद सुनिश्चित गर्न आवश्यक कानुनी आधार तयार गर्नु कार्यदल गठनको मुख्य उद्देश्य रहेको छ। नेपालमा हाल रासायनिक मलको माग धान्न ठूलो मात्रामा आयातमा निर्भर रहनुपर्ने अवस्था रहेकाले स्वदेशमै मल उत्पादन गर्ने विषयलाई अघि बढाइएको छ। स्वदेशी उत्पादन सुरु भएपछि उत्पादित मलको खरिद, बजार व्यवस्थापन तथा सरकारी निकायबाट हुने खरिद प्रक्रियालाई स्पष्ट बनाउन आवश्यक देखिएपछि अध्ययन कार्यदल गठन गरिएको मन्त्रालयले जनाएको छ।

कार्यदलले विद्यमान कानुनी तथा नीतिगत व्यवस्थामा रहेका प्रावधानको अध्ययन गर्नुका साथै स्वदेशमा उत्पादन हुने मलको खरिद सुनिश्चित गर्न आवश्यक नयाँ कानुनी व्यवस्था वा संशोधनका विषय पहिचान गर्नेछ। त्यस्तै, खरिद प्रक्रिया तथा आवश्यक संस्थागत संरचनाबारे समेत सुझाव दिनेछ।

कार्यदलबाट प्राप्त प्रतिवेदनका आधारमा आवश्यक कानुनी संशोधन तथा नीतिगत र संस्थागत व्यवस्था अघि बढाइने मन्त्रालयले जनाएको छ। स्वदेशमै उत्पादित रासायनिक मलको बजार सुनिश्चित गर्न स्पष्ट कानुनी आधार तयार भएपछि नेपालमा मल उत्पादनसम्बन्धी योजनालाई थप व्यवस्थित रूपमा अघि बढाउन सहयोग पुग्ने मन्त्रालयको अपेक्षा छ।

# प्रधानमन्त्री शाहसँग अष्ट्रेलियाका राजदूत अर्न्स्टको शिष्टाचार भेट

**काठमाडौं/मस-** प्रधानमन्त्री वालेन्द्र शाहसँग नेपालका लागि अष्ट्रेलियाका राजदूत साइमन अर्न्स्टले शिष्टाचार भेट गरेका छन्। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज भएको भेटमा प्रधानमन्त्री शाहले बाढी तथा विपद्का कारण उत्पन्न कठिन परिस्थितिमा नेपाल र नेपाली जनताप्रति अष्ट्रेलिया सरकारले व्यक्त गरेको ऐक्यबद्धता, सद्भाव र मानवीय सहयोगप्रति कृतज्ञता व्यक्त गरेका छन्।



प्रधानमन्त्री शाहले खोज, उद्धार तथा राहत कार्यमा अष्ट्रेलियाले पुऱ्याएको महत्वपूर्ण सहयोग, विपद् सहायता तथा सहायता टोलीको परिचालन, विशेषज्ञ जनशक्तिको सहयोग तथा आवश्यक राहत सामग्री र उपकरण उपलब्ध गराएकामा धन्यवाद दिए।

अष्ट्रेलियाले घोषणा गरेको ११ मिलियन अष्ट्रेलियन डलर बराबरको मानवीय सहायता नेपालप्रतिको अष्ट्रेलियाको मित्रता र ऐक्यबद्धताको महत्वपूर्ण अभिव्यक्ति भएको प्रधानमन्त्री शाहले उल्लेख गरेका छन्।

भेटमा बाढी प्रभावित समुदायको राहत, पुनःस्थापना तथा पुनर्निर्माणका साथै आगामी दिनमा विपद् जोखिम न्यूनीकरण र प्रतिरोध क्षमता अभिवृद्धिका लागि निरन्तर सहकार्य गर्ने विषयमा छलफल भएको थियो।

प्रधानमन्त्री शाहले जलवायु परिवर्तनका कारण नेपालजस्ता पर्वतीय मुलुकले भोगिरहेका बढ्दो जोखिम सम्बोधन गर्न अन्तर्राष्ट्रिय समुदायको साझा प्रयास आवश्यक रहेको बताए। उनले 'क्षति र नोक्सानी' सम्बन्धी वित्तीय संयन्त्रमा सहज, पर्याप्त तथा पूर्वानुमानयोग्य पहुँचको महत्वमा समेत जोड दिएका छन्। भेटमा राजदूत साइमन अर्न्स्टले प्राकृतिक विपद्का कारण नेपालले बेहोरेको क्षतिप्रति दुःख व्यक्त गरेका छन्। उनले हालै संयुक्त राष्ट्रसङ्घमा नेपालले जनाएको सशक्त र प्रभावकारी उपस्थितिको समेत प्रशंसा गरेका थिए।

# नापी सर्भेक्षकविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय कलंकी, काठमाडौंका सर्भेक्षक सुबिन्द्र श्रेष्ठविरुद्ध गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको आरोपमा विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको छ।



आयोगले श्रेष्ठले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति उनकी श्रीमती कमला श्रेष्ठको नाममा समेत राखेको दाबी गर्दै चार करोड ७४ लाख ४६ हजार ८१३ दशमलव ४९ पैसा बिगो कायम गरेको छ।

आयोगका अनुसार श्रेष्ठले पदीय मर्यादाविपरीतका कार्य गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्ने उजुरीका आधारमा अनुसन्धान अघि बढाइएको थियो। अनुसन्धानका क्रममा श्रेष्ठको नियुक्ति भएको मिति २०५३ साल असार २७ गतेदेखि २०८१ साल चैत २९ गतेसम्मको अवधिलाई जाँच अवधि कायम गरी उनी तथा उनको एकाघर परिवारका सदस्यको आय-व्ययको विस्तृत गणना तथा विश्लेषण गरिएको थियो।

आयोगले अनुसन्धानका क्रममा श्रेष्ठको वैध आय तथा विभिन्न शीर्षकमा भएको खर्च र लगानीबीच तुलना गरेको थियो। त्यसक्रममा उनको आयस्रोतले पुष्टि गर्न नसक्ने सम्पत्ति आर्जन गरेको देखिएको आयोगले जनाएको छ।

आयोगका अनुसार श्रेष्ठले गैरकानुनी रूपमा आर्जन गरेको भनिएको सम्पत्तिको केही हिस्सा उनकी श्रीमती कमला श्रेष्ठका नाममा समेत रहेको पाइएको छ। गैरकानुनी रूपमा आर्जन गरिएको सम्पत्ति लुकाउने तथा अन्य व्यक्तिका नाममा राख्ने कार्यसमेत अनुसन्धानको दायरामा ल्याइएको आयोगले जनाएको छ।

# स्यार्फुवेशीका आवाजविहीन जीवसम्म राहत, हेलिकप्टर बन्यो सहारा

**रसुवा/मस-** विपद्का कारण बाटोघाटो अवरुद्ध भएपछि राहत तथा उद्धार सेवाबाट समेत टाढा रहेका रसुवाको स्यार्फुवेशीका सामुदायिक कुकुरहरूका लागि नेपाल पशु कल्याण तथा वातावरण समाजले खाद्य सामग्री पुऱ्याएको छ। सरकारी पहल तथा समन्वयमा विश्व खाद्य कार्यक्रमको हेलिकप्टरमार्फत टेम्पल डग रेस्क्यु र अन्तर्राष्ट्रिय पशु कल्याण कोषको आर्थिक सहयोगमा सामुदायिक कुकुरहरूका लागि आवश्यक खाद्य सामग्री स्यार्फुवेशीसम्म पुऱ्याइएको हो।



वपद्का कारण सडक तथा यातायात सम्पर्क विच्छेद भएपछि उक्त क्षेत्रमा मानिससँगै सामुदायिक कुकुरहरूको अवस्था पनि अत्यन्त कठिन बनेको थियो। खाना र पानीको अभावमा ती निर्दोष जीवहरू भोकसँग संघर्ष गरिरहेका थिए। मानिसहरूका लागि राहत तथा उद्धारका प्रयास भइरहे पनि आफ्नो पीडा व्यक्त गर्न नसक्ने ती आवाजविहीन जीवहरूका लागि भने उक्त क्षेत्रमा सहयोग पुऱ्याउन कठिन भइरहेको थियो।

यही अवस्थालाई ध्यानमा राख्दै नेपाल पशु कल्याण तथा वातावरण समाजले सरकारी पहलमा समन्वय गरी दुर्गम तथा सडक सम्पर्कविहीन क्षेत्रमा रहेका सामुदायिक कुकुरसम्म खाद्य सामग्री पुऱ्याएको हो। विपद्का समयमा पशुलाई समेत राहतको दायरामा समेट्दै गरिएको यो पहल पशुकल्याण र मानवीय संवेदनाको महत्वपूर्ण उदाहरण बनेको छ।

नेपाल पशु कल्याण तथा वातावरण समाजकी अध्यक्ष सुमेदा गौतमले विपद्का कारण भोकै बस्न बाध्य सामुदायिक कुकुरहरूका लागि स्यार्फुवेशीसम्म खाना पुऱ्याउन सकिएकोमा आफू निकै खुसी र भावुक भएको बताइन्। मानिसहरूका लागि राहत पुगिरहेका बेला बोल्न नसक्ने निर्दोष जीवहरू भोकै नपरुन् भन्ने उद्देश्यले पहल गरिएको उनको भनाइ छ। 'मानिसहरूका लागि राहत पुगिरहँदा बोल्न नसक्ने यी निर्दोष जीवहरू भोकै नपरुन् भन्ने हाम्रो प्रयास हो। उनीहरूका लागि केही खाना पुऱ्याउन सक्नु पनि ठूलो सन्तोषको विषय हो,' उनले भनिन्।

नेपाल पशु कल्याण तथा वातावरण समाजका कार्यकारी निर्देशक हरिप्रसाद जोशीले विपद्का बेला पशुहरू पनि उत्तिकै पीडित हुने भएकाले उनीहरूको जीवन र कल्याणलाई राहत तथा उद्धारको प्राथमिकतामा समेटिनुपर्ने बताए। उनका अनुसार स्यार्फुवेशीमा रहेका सामुदायिक कुकुरहरू आफैं राहत माग्न सक्ने अवस्थामा थिएनन् र बाटो अवरुद्ध भएका कारण उनीहरूसम्म पुग्नसमेत कठिन थियो। 'विपद्को समयमा मानिसको पीडा देखिन्छ, सुनिन्छ र उनीहरूका लागि राहतको पहल हुन्छ। तर यी सामुदायिक कुकुरहरू न आफ्नो पीडा भन्न सक्छन्, न राहत माग्न सक्छन्। उनीहरू भोक, डर र अभावबीच त्यहीँ बस्न बाध्य थिए। यस्तो अवस्थामा उनीहरूसम्म खाना पुऱ्याउनु केवल सहयोग होइन, आवाजविहीन जीवप्रतिको हाम्रो जिम्मेवारी पनि हो,' जोशीले भने। उनले सरकारी पहल तथा समन्वयमा यस्तो कठिन अवस्थामा रहेका पशुसम्म राहत पुऱ्याउन सकिनु उदाहरणीय भएको बताए।

'विपद् व्यवस्थापन मानिस केन्द्रित मात्र हुनुहुँदैन। मानिससँगै पशुहरूको जीवन र कल्याणलाई पनि राहत व्यवस्थापनको अभिन्न हिस्सा बनाउनुपर्छ। सरकारी निकायको पहल, विश्व खाद्य कार्यक्रमको हेलिकप्टर सहयोग तथा टेम्पल डग रेस्क्यु र अन्तर्ष्ट्रिय पशु कल्याण कोषको आर्थिक सहयोगले दुर्गम क्षेत्रमा रहेका यी जीवसम्म राहत पुऱ्याउन सम्भव भएको हो,' उनले भने।

विपद्को पीडा मानिसले मात्र होइन, पशुहरूले पनि उत्तिकै भोगिरहेका हुन्छन्। घर, गोठ र बासस्थान गुमाएका तथा खाना र पानीको पहुँचबाट टाढा भएका पशुहरू आफ्नो जीवन जोगाउन संघर्ष गरिरहेका हुन्छन्। विशेषगरी सामुदायिक कुकुरजस्ता आवाजविहीन जीवहरूका लागि यस्तो अवस्था अझ कठिन हुन्छ। उनीहरू न आफ्नो पीडा शब्दमा व्यक्त गर्न सक्छन्, न कसैसँग सहयोग माग्न सक्छन्।

त्यसैले संकटको समयमा उनीहरूलाई सम्झेर गरिएको एउटा प्रयास पनि उनीहरूको जीवनका लागि ठूलो सहारा बन्न सक्छ। स्यार्फुवेशीमा नेपाल पशु कल्याण तथा वातावरण समाजले पुऱ्याएको यो खाद्य सहयोगले विपद्का बेला मानिससँगै पशुहरूको जीवन जोगाउने जिम्मेवारी पनि राज्य, सम्बन्धित निकाय र समाजको साझा दायित्व हो भन्ने सन्देश दिएको छ। पशु कल्याण तथा वातावरणको क्षेत्रमा लामो समयदेखि सक्रिय अमि कट्टेल (मधु)ले विपद्का समयमा पशुहरूको अवस्था झनै संवेदनशील बन्ने भएकाले उद्धार तथा राहतका हरेक प्रयासमा उनीहरूलाई पनि प्राथमिकताका साथ समेटिनुपर्ने बताइन्।

कट्टेलले स्यार्फुवेशीका सामुदायिक कुकुरहरूका लागि हेलिकप्टरमार्फत खाद्य सामग्री पुऱ्याउनु केवल तत्कालीन भोक मेटाउने प्रयास मात्र नभई विपद्का समयमा पशुप्रति मानवीय संवेदना र जिम्मेवारी देखाउने महत्वपूर्ण कदम भएको बताइन्।

'विपद्का बेला मानिसहरू आफ्नो पीडा व्यक्त गरेर सहयोग माग्न सक्छन्, तर पशुहरूले आफ्नो अवस्था बताउन सक्दैनन्। त्यसैले उनीहरूको पीडा बुझेर समयमै सहयोग पुऱ्याउनु हाम्रो जिम्मेवारी हो। स्यार्फुवेशीका सामुदायिक कुकुरहरू लामो समयदेखि खानाको अभावमा रहेका अवस्थामा उनीहरूसम्म खाद्य सामग्री पुऱ्याउन सक्नु हाम्रो लागि पनि भावुक क्षण हो,' उनले भनिन्। स्थानीयका अनुसार स्यार्फुवेशीमा करिब ६० देखि ७० वटा सामुदायिक कुकुरहरू लामो समयदेखि खाना र पानीको अभावमा भोकभोकै बस्न बाध्य थिए। विपद्का कारण सडक तथा यातायात सम्पर्क विच्छेद भएपछि उक्त क्षेत्रमा कुनै पनि राहत सामग्री पुग्न सकेको थिएन। भोक र अभावका कारण कुकुरहरू छट्पटाइरहेको अवस्थामा नेपाल पशु कल्याण तथा वातावरण समाजले हेलिकप्टरमार्फत खाद्य सामग्री पुऱ्याएर उनीहरूलाई खाना खुवाउन सहयोग गरेको स्थानीयहरूले बताएका छन्।

# सप्तकोशीको भेलमा जीवनको सहारा

**पिन्टु यादव/मध्यान्ह**
राजविराज, १५ असोज

सप्तकोशीको भेलमा जोखिम छ, त्यही भेलमा श्याम मण्डलको रोजगारी पनि। बाढीले बगाएर ल्याएको दाउरा संकलन गर्न उनी डुंगा लिएर नदीमा पस्छन्। बगेर आएका काठ खोज्छन्, डुंगामा तान्छन्, किनारमा ल्याउँछन् र बिक्री गर्छन्। हनुमाननगर कंकालिनी नगरपालिका-१२ का ५० वर्षीय मण्डलका लागि नदीको जोखिमसँगै यही दाउरा आम्दानीको स्रोत बनेको छ।



नदीबाट संकलित दाउरा बिक्री गरेर मण्डलजस्तै यहाँका डेढ सयभन्दा बढी मानिसले आम्दानी गर्दै आएका छन्। असारदेखि भदौसम्म करिब तीन महिना चल्ने यो काम उनीहरूका लागि मौसमी रोजगारीको माध्यम बनेको छ। श्यामसँगै दाउरा संकलन गर्ने पृथ्वी मुखियाका अनुसार यो अवधिमा एक जनाले औसतमा करिब २ लाख ५० हजार रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन्।

एउटा डुंगामा दुई जना श्रमिक मिलेर दाउरा संकलन गर्छन्। बाढीको भेलमा बगेर आएका काठ पहिचान गर्ने, त्यसलाई डुंगातिर तान्ने, जम्मा गर्ने र किनारमा ल्याएर बिक्री गर्ने उनीहरूको दैनिक काम हो। पानीको बहाव बढेका बेला भने यही काम जोखिमपूर्ण बन्छ।

हातको ठेला देखाउँदै श्याम मण्डल आफ्नो दिनभरको मेहनत सुनाउँछन्। बाढीको भेलमा डुंगा लिएर पस्नु, बगेर आएका काठ पहिचान गर्नु, डुंगातिर तान्नु र किनारमा ल्याउनु उनका लागि दैनिक दिनचर्या बनेको छ। तर यससँगै डुंगा पल्टिने र नदीको बहावले बगाउने जोखिम पनि उत्तिकै छ। यही जोखिम मोलेर संकलन गरेको दाउरा बिक्री गरेर मण्डलले लाखौं रुपैयाँ आम्दानी गरिरहेका छन्।

दाउरा संकलन गर्न शरीरको पसिना मात्र होइन, नदीसँगको संघर्ष पनि चाहिन्छ। घण्टौं डुंगामा बसेर काठ खोज्दा हातखुट्टा थाक्छन्। शरीर गल्छ। तर काम रोक्ने सुविधा हुँदैन। दिनभर मेहनत गरेर किनारमा ल्याएको दाउरा बिक्री नभए आम्दानी हुँदैन। त्यसैले नदीको बहावसँग जुध्नु जत्तिकै चुनौती उनीहरूका लागि बजारमा दाउराको उचित मूल्य पाउनु पनि हो।

मण्डलका अनुसार दाउरा बिक्री गर्ने क्रममा ग्राहकसँग मूल्यमा मोलमोलाइ हुने गर्छ।

'यत्रो मिहिनेत गरेर छानेर ल्याएको दाउरा बेच्न पनि कठिन हुन्छ। ग्राहकले उचित मूल्य दिन मान्दैनन्, मोलमोलाइ गर्छन्,' उनी भन्छन्, 'दाउरा छान्न कति मिहिनेत पर्छ भन्ने कुरा कसैले मूल्यांकन गर्दैन।'

नदीबाट काठ किनारमा ल्याएपछि पनि उनीहरूको संघर्ष सकिँदैन। बजारमा दाउराको मूल्यका लागि फेरि मोलमोलाइ गर्नुपर्छ। नदीको बहावसँग जुधेर ल्याएको काठको मूल्य बजारले निर्धारण गर्छ। त्यसैले उनीहरूको आम्दानी मौसम, काठको उपलब्धता र बजारको मूल्यमा निर्भर हुन्छ।

बाढीले ल्याएको दाउरा उनीहरूका लागि केवल काठ होइन, घर चलाउने आम्दानी हो। नदीमा देखिने हरेक काठको टुक्रासँग उनीहरूको श्रम, जोखिम र परिवारको दैनिक आवश्यकता जोडिएको छ। त्यसैले बहाव बढेको बेला नदीमा पस्दा डर लागे पनि जीविकोपार्जनका लागि उनीहरू डुंगा खियाउन बाध्य छन्।

पृथ्वी मुखिया पनि पछिल्लो तीन महिनादेखि बाढीले बगाएर ल्याएको दाउरा संकलन र बिक्री गर्दै आएका छन्। उनका अनुसार दैनिक करिब दुई हजारदेखि पाँच हजार रुपैयाँसम्मको दाउरा संकलन गरेर बिक्री गर्ने गरेका छन्। नदीमा जोखिम मोलेर दाउरा संकलन गर्नुपर्ने भए पनि यही काम अहिले उनको परिवारको आम्दानीको महत्वपूर्ण स्रोत बनेको छ।

'एउटा डुंगामा दुई जना मिलेर काम गर्छौं,' मुखियाले भने, 'दिनभर मेहनत गर्दा पाँच हजार रुपैयाँसम्मको दाउरा संकलन गरेर बिक्री गर्न सकिन्छ।'

उनका लागि यो केवल दाउरा बटुल्ने काम होइन, बाढीले निम्त्याएको जोखिमबीच जीविकोपार्जनको एउटा विकल्प पनि हो। तीन महिनादेखि निरन्तर यही काम गर्दै आएका मुखियाले बाढीको पानी घटेपछि पनि आफूहरूले संकलन गरेको दाउरा बिक्रीबाट आम्दानी गर्ने आशा राखेका छन्।

यहाँ संकलन गरिएको दाउरा किन्न जिल्लाका विभिन्न ठाउँबाट व्यापारी तथा उपभोक्ता आउने गरेको मण्डल बताउँछन्। उनका अनुसार बाढीले बगाएर ल्याएको सखुवा, सिसौ र खयरका काठ स्थानीयका लागि आम्दानीको स्रोत बनेका छन्।

'बाढी आएको बेला करिब तीन महिना दाउरा संकलन गरेर बेच्ने गर्छौं,' मण्डलले भने, 'यसबाट भएको आम्दानीले घरखर्च चलाउन सहज हुन्छ। बाँकी समय खेतीपातीमै बिताउँछु।'

मण्डलको परिवारमा आठ जना छन्। उनका छ छोरामध्ये दुई जना राजमिस्त्री, दुई जना कपडा सिलाउने र दुई जना काठ मिस्त्रीको काम गर्छन्। परिवारका अधिकांश सदस्य आ-आफ्नो सीप र श्रमअनुसार विभिन्न कामबाट आम्दानी गरिरहेका छन्।

तर परिवारको मुख्य आधार भने खेतीपाती नै हो। मण्डलले करिब एक बिघा जमिनमा धान र गहुँ खेती गर्दै आएका छन्। कोशी तटीय क्षेत्रमा बसोबास भएकाले बाढी उनका लागि हरेक वर्ष दोहोरिने जोखिम हो।

'हाम्रो परिवारको मुख्य आधार खेती हो,' मण्डलले भने, 'तर बाढी आउँदा खेतमा पानी पस्छ र बालीनालीमा क्षति हुन्छ। त्यही बाढीले बगाएर ल्याएको काठ भने हामीलाई केही आम्दानी गर्ने अवसर दिन्छ।'

कोशी तटीय क्षेत्रमा बाढीको जोखिम नयाँ होइन। हनुमाननगर कंकालिनी नगरपालिकाको बाढी पूर्वतयारी तथा प्रतिकार्य योजनाले पनि नगर क्षेत्रका विभिन्न बस्ती, कृषि जमिन र व्यवसाय बाढी तथा डुबानको जोखिममा रहेको उल्लेख गरेको छ।

# बैंकिङ कसुरका ११ मुद्दामा दोषी ठहर भएका ठेकेदार पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ असोज

बैंकिङ कसुरसम्बन्धी ११ वटा फरक-फरक मुद्दामा अदालतबाट कैद सजाय तथा लाखौं रुपैयाँ जरिवाना तोकिएपछि फरार रहँदै आएका रौतहटका चर्चित निर्माण व्यवसायीलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा जिल्लाको मध्यभागमा रहेको गरुडा नगरपालिका ७ भिमडावर निवासी निर्माण व्यवसायी दयाराम प्रसाद साह रहेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहट तथा इलाका प्रहरी कार्यालय गरुडाको संयुक्त प्रहरी टोलीले फरार प्रतिवादी साहलाई असोज १३ गते नियन्त्रणमा लिएको हो।



प्रहरीका अनुसार देवेन्द्र कुमार कर्णसहित ११ जना पीडितहरूले साहविरुद्ध छुट्टाछुट्टै बैंकिङ कसुरसम्बन्धी मुद्दा दायर गरेका थिए। उक्त मुद्दाहरूको फैसला गर्दै रौतहट जिल्ला अदालतले साहलाई दोषी ठहर गरी कुल ३ महिना १५ दिन कैद सजाय र रु.५६ लाख ८२ हजार ५०० जरिवाना तोकेको थियो।

अदालतबाट दोषी ठहर भएलगत्तै साह सजाय र जरिवाना भुक्तान नगरी फरार रहँदै आएका थिए। पक्राउ लगत्तै प्रहरीले साहलाई फैसला कार्यान्वयनका लागि रौतहट जिल्ला अदालतमा उपस्थित गराएको थियो। अदालतको आदेशबमोजिम उनलाई तोकिएको कैद सजाय भुक्तान तथा जरिवाना रकम असुली प्रक्रियाका लागि कारागार कार्यालय गौर रौतहट पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक बसन्त गौतमले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय रौतहटले अदालतबाट फैसला भई सजाय तथा जरिवाना असुल हुन बाँकी रहेका फरार प्रतिवादीहरूलाई कानुनको दायरामा ल्याउन विशेष अभियान सञ्चालन गरिरहेको जनाए। फैसला कार्यान्वयनलाई थप प्रभावकारी चुस्त र पारदर्शी बनाउन जिल्लाभर फरार अभियुक्तहरूको खोजी कार्यलाई तीव्रता दिइएको डीएसपी गौतमले बताए।

**यूएईमा रोजगार**
कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/१० — चलानी नं.: ६०२३६५३२ — L.T. No.: 322445 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 96 | 0 | स. काममा दक्ष | 800 | ३३,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २३ गते (9 October 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ३७९/०५९/६०
**डि. प्रोटोन म्यानपावर सप्लायर्स प्रा.लि.**
G.P.O. Box: 8973, Npc: 577, पिंगलास्थान, विजयचोक, काठमाडौं, फोनः ४५९८७९२, फ्याक्सः ४५९६९८७
E-mail : dproton2211@gmail.com, Web.: www.dproton.com.np
Mobile No: 9745970913, 981-8814647

मध्यान्ह
www.madhyanhadaily.com
१६ असोज २०८३ शुक्रबार
2 October 2026 Friday

## सम्पादकीय

# अध्यादेशतर्फ सोझिएको विधेयक

सरकारले संघीय निजामती सेवासम्बन्धी विधेयक संसद्मा दर्ता गरेको छ । तर, विधेयक दर्ता भएकै भोलिपल्ट आज मध्यरात संसद्को चालू अधिवेशन अन्त्य गर्ने निर्णयले सरकारको नियतमाथि प्रश्न उठेको छ । संसद् हुँदाहुँदै विधेयक दर्ता गर्ने र अधिवेशन अन्त्य गरेर त्यही विषयमा अध्यादेश ल्याउने गृहकार्य गरेको बुझिन्छ । यदि यसअघिकै यस्तो प्रवृत्ति दोहोऱ्याउने हो भने त्यसले कानुन बन्ने संसदीय प्रक्रियामाथि नै अविश्वास बढाउँछ ।

संघीय निजामती सेवा विधेयक लामो समयदेखि प्रतीक्षा गरिएको कानुन हो । सरकारले आफ्नै १०० बुँदे कार्यसूचीमा ४५ दिनभित्र विधेयक ल्याउने प्रतिबद्धता जनाएको थियो । तर, संसद्को अधिवेशन सुरू भएको महिनौं बितिसक्दा पनि विधेयक अघि बढ्न सकेन । अहिले अधिवेशन अन्त्यको अघिल्लो दिन विधेयक संसद्मा पुऱ्याउनाले सरकारले भनेझैं छिटो विधेयक आउँदैन भन्ने प्रस्ट पारेको छ । अथवा, छिटोको नाममा फेरि अध्यादेशकै बाटोमा हिँड्न खोजिँदै छ ।

प्रस्तावित विधेयक सामान्य प्रशासनिक कानुन मात्र होइन । यसले कर्मचारीको अवकाश उमेर, पेन्सन, भर्ना, तहगत संरचना, समावेशी व्यवस्था, छड्के प्रवेश, कुलिङ पिरियड, प्रदेश निजामती सेवा र स्वार्थको द्वन्द्वजस्ता विषयमा महत्त्वपूर्ण परिवर्तन प्रस्ताव गरेको छ । नयाँ व्यवस्थाअनुसार अनिवार्य अवकाशको उमेर सामान्यतः ६० वर्ष बनाउने तर ऐन प्रारम्भ हुँदा ५५ वर्ष पुगेका वा ३० वर्ष सेवा पूरा गरेका कर्मचारीलाई अवकाश दिने प्रस्ताव छ । पेन्सनमा अधिकतम ३० वर्षको सेवा अवधि मात्र गणना गर्ने व्यवस्था पनि प्रस्तावित छ । त्यस्तै, खुला प्रतिस्पर्धाबाट पूर्ति हुने पदमध्ये ४९ प्रतिशत समावेशी समूहका लागि छुट्याउने, विशिष्ट प्रकृतिका पदमा आवश्यक परे छड्के प्रवेश गराउने र उच्च तहका कर्मचारीका लागि दुई वर्षको कुलिङ पिरियड राख्ने प्रस्ताव छ । प्रदेश निजामती सेवाको संरचना र कर्मचारीको स्वार्थको द्वन्द्व नियन्त्रणसम्बन्धी व्यवस्था पनि विधेयकमा समेटिएको छ ।

यी विषयमा संसद्मा पर्याप्त छलफल आवश्यक छ । कर्मचारी प्रशासनको संरचना बदल्ने कानुन केही दिनको प्रशासनिक निर्णयबाट टुंग्याउने विषय होइन । यसमा सांसद, कर्मचारी, प्रदेश र स्थानीय तह तथा सरोकारवालाको मत सुन्नुपर्छ । अध्यादेश संविधानले दिएको अधिकार हो । संसद् अधिवेशन नरहेको अवस्थामा तत्काल कानुनी व्यवस्था आवश्यक परे सरकारले अध्यादेश ल्याउन सक्छ । तर, संसद् छल्ने उपायका रूपमा अध्यादेश प्रयोग गर्नु लोकतान्त्रिक अभ्यास हुँदैन । अध्यादेशलाई सामान्य विधायिकी प्रक्रियाको विकल्प बनाइयो भने संसद्को भूमिका कमजोर हुन्छ । सरकारले समयमै विधेयक ल्याउन नसकेको कमजोरीको समाधान फेरि पनि अध्यादेश होइन । अब सरकारले संसद् अधिवेशन चलिरहेकै बेला विधेयक अघि बढाउने वातावरण बनाउनुपर्छ । संसद् अन्त्य गरेर अध्यादेशको बाटो रोज्ने होइन, संसद्मै छलफल र सहमतिबाट ऐन बनाउने अभ्यास स्थापित गर्नुपर्छ ।

# पोखराको पर्यटनमा अन्तर्राष्ट्रिय उडान

पाँच दशक लामो प्रतीक्षा र स्थानीयको निरन्तर संघर्षपछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा फ्लाई दुबईको नियमित उडान सुरु हुनुले पोखरेलीको सपना साकार पारेको छ । यो उडान विलासिता नभई विकेन्द्रीकृत विकास र राष्ट्रिय समृद्धिको आधार हो । अब पर्यटन व्यवसायीको सहुलियत, पूर्वाधार विकास र उच्च आतिथ्यमार्फत यस उडानलाई दिगो बनाउँदै पोखरालाई विश्वसँग जोड्नु अपरिहार्य छ ।

**अग्रलेख**



● झलक शर्मा

गएको असोज ७ गते पोखराबासीका लागि एउटा ऐतिहासिक र निकै खुसीको दिन बन्यो । सोही दिन फ्लाई दुबईको जहाज ११३ जना यात्रु लिएर दुबईबाट सिधै पोखरा विमानस्थलमा अवतरण गऱ्यो भने यहाँबाट १५२ जना यात्रु लिएर पुनः दुबईतर्फ उडान भऱ्यो । वाटर क्यानन (पानीको फोहोरा)को सलामीसहित फ्लाई दुबईको जहाजलाई भव्यताका साथ स्वागत गरियो । आगमन र प्रस्थान गन्तव्यमा रहेका यात्रुलाई पोखरामा न्यानो स्वागत तथा बिदाइ गरियो । दुबईबाट सिधै पोखरामा अवतरण हुन पाउँदा यात्रुको अनुहारमा खुसी छाएको थियो भने वैदेशिक रोजगारीका लागि देश छाड्न लागेका यात्रुको आँखामा विछोडको आँसु पनि देखिन्थ्यो । यसरी यात्रुको मिश्रित भावनात्मक तरंगका बीच पोखराको साँझ निकै रंगिन बन्यो ।




उक्त ऐतिहासिक उडानलाई स्वागत गर्न पोखरा महानगरपालिकाका प्रमुख, पोखरा उद्योग वाणिज्य संघका पदाधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका अधिकारी, सरोकारवाला निकायका प्रतिनिधि तथा आमस्थानीयबासीको बाक्लो उपस्थिति थियो । पोखरेली जनताले पाँच दशकअघिदेखि देख्दै आएको सपना अन्ततः साकार भएको अनुभूति सबैले गरे । विमानस्थल निर्माणका लागि विगतमा गरिएको ठुलो जनसंघर्षले आज मूर्त रूप लिएको छ । यो हर्षोल्लाससँगै अब पोखराबाट दुबई मात्र नभई अन्य मुलुकमा पनि उडान विस्तार हुनुपर्ने र उडान भर्ने वायुसेवा कम्पनीले यसलाई निरन्तरता दिनुपर्ने अपेक्षा पोखराबासीले राखेका छन् ।

विगतमा अन्तर्राष्ट्रिय विमानस्थल बनेर पनि नियमित उडान हुन नसक्दा पोखरेलीहरू निकै चिन्तित थिए । यसअघि भएका दुईवटा उडानले निरन्तरता पाउन सकेका थिएनन् । दशकौंसम्म विमानस्थल निर्माण र सञ्चालनमा ढिलासुस्ती हुनुको मुख्य कारण भ्रष्टाचार र राजनीतिक उदासीनता नै थियो । तत्कालीन सक्रिय राजनीतिक दलहरूले यसको निर्माण र सञ्चालनका लागि ठोस योजना ल्याउन सकेका थिएनन् । भ्रष्टाचार गर्ने गिरोहको दबाब र विभिन्न किसिमका भ्रम फैलाउने नियतका कारण यो आयोजना लामो समय चपेटामा पऱ्यो । अन्ततः निजी क्षेत्र, नागरिक समाज र स्थानीयबासीको अभूतपूर्व आन्दोलन र दबाबकै कारण विमानस्थल यो अवस्थासम्म आइपुगेको हो । पोखरामा अन्तर्राष्ट्रिय उडान सहज बनाउन नजिकै रहेको डम्पिङ साइट स्थानान्तरण गरियो भने उडान र अवतरणमा सुरक्षा जोखिम उत्पन्न हुने भएपछि सराङकोटमा फस्टाउँदै गरेको साहसिक पर्यटन प्याराग्लाइडिङ व्यवसायलाई तोरीपानीमा सारियो ।

विगतमा महत्त्वपूर्ण भौतिक पूर्वाधार बने पनि उडानको सुनिश्चितता गर्ने आधार तयार पारिएको थिएन । विकासको वास्तविक अर्थ केवल भौतिक संरचना निर्माणमा मात्र सीमित हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन र नागरिकको जीवनस्तरसँग जोड्नु मुख्य कुरा हो । पोखरामा अन्तर्राष्ट्रिय उडान कुनै विलासिता नभई अनिवार्य आवश्यकता र मुलुकलाई समृद्ध बनाउने प्रमुख आधार हो । यसलाई प्रादेशिक विकासका रूपमा मात्रै सीमित राखेर हेरिनु हुँदैन, किनकि यसको दूरगामी लाभले समग्र मुलुककै अर्थतन्त्रलाई माथि उठाउन मद्दत पुऱ्याउँछ । यो विमानस्थलको पूर्ण सञ्चालनले केन्द्रीकृत विकासको लाभलाई विकेन्द्रीकृत ढंगले वितरण गर्न सघाएको छ । नियमित अन्तर्राष्ट्रिय उडानले पोखराको बहुआयामिक क्षेत्रमा योगदान पुऱ्याउने निश्चित छ । यसले विपद् र मन्दीले थलिएको नेपालको पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न सहयोग पुऱ्याउनुका साथै स्थानीय नागरिकसम्म अन्तर्राष्ट्रिय हवाई यातायातको पहुँच पुऱ्याएको छ । विशेषगरी पोखराको पर्यटकीय व्यापार-व्यवसाय फस्टाउनेछ, होटल तथा रेस्टुरेन्टमा विदेशी पर्यटकको आगमन बढ्दा युवाका लागि रोजगारीका नयाँ अवसर सिर्जना हुनेछन् र साहसिक पर्यटनमा आकर्षण अझ बढ्नेछ ।

नेपालको नागरिक उड्डयन क्षेत्रको विकास, विस्तार, हवाई सम्पर्क, सञ्चार तथा उडान सुरक्षालाई स्तरीय र प्रभावकारी बनाउन स्थापित संस्था नेपाल नागरिक उड्डयन प्राधिकरणको भूमिका यहाँ अत्यन्त महत्त्वपूर्ण हुन्छ । अन्तर्राष्ट्रिय उडानलाई दिगो र निरन्तर बनाउन स्थानीय व्यवसायीले पनि ठोस पहल सुरु गरेका छन् । होटल संघ पोखराले उडान सुरु भएको पहिलो तीन महिनासम्म फ्लाई दुबईबाट आउने यात्रुलाई बोर्डिङ पासका आधारमा २५ प्रतिशत छुट दिने घोषणा गरेको छ । त्यसैगरी रेस्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराले पनि १५ देखि २० प्रतिशतसम्म छुट दिने प्रतिबद्धता जनाएको छ । पोखराका ट्राभल एजेन्सीले पनि विदेशबाट आउने यात्रुलाई पोखरा गन्तव्य छनोट गर्न प्रोत्साहित गर्नुपर्छ । योसँगै विमानस्थल प्रशासनले अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै यात्रुको हित संरक्षणमा विशेष ध्यान दिनुपर्छ । कर्मचारीबाट मुस्कानसहितको सेवा, सभ्य र व्यवस्थित वातावरणका साथै यात्रु सुरक्षालाई उच्च प्राथमिकता दिएर पत्यारिलो र भरपर्दो सेवाको प्रत्याभूति गराउनु आवश्यक छ ।

पर्यटकको आतिथ्य सत्कारमा उत्कृष्ट सेवा प्रदान गर्न पोखराका पर्यटन व्यवसायीहरू सधैं सजग हुनुपर्छ । नेपालको प्राकृतिक सौन्दर्य, वातावरणीय विशिष्टता, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाले विश्वका पर्यटकलाई आकर्षित गर्दै आएका छन् । वैदेशिक लगानी भित्र्याउनुका साथै प्रविधि हस्तान्तरणका लागि पनि पोखरामा अन्तर्राष्ट्रिय उडानले प्राथमिकता पाउनुपर्छ । गैरआवासीय नेपालीहरू सँगको सहकार्य, सम्बन्ध र समन्वयलाई जोड दिँदै उनीहरूको ज्ञान, सीप र पुँजीलाई पोखराको विकासमा परिचालन गर्नु आवश्यक छ । थप देशमा हवाई सञ्जाल विस्तार गर्न गैरआवासीय नेपाली संघसँगको साझेदारीलाई अझ बलियो बनाउनुपर्छ ।

पोखराको पर्यटन र आर्थिक समृद्धिका विषयमा स्थानीय सक्रिय राजनीतिक दलहरूबीच अभूतपूर्व ऐक्यबद्धता र आपसी सहमतिको वातावरण बन्नुपर्छ । होटल व्यवसायीले आफ्नो व्यावसायिक दक्षता र संस्थागत क्षमताको अभिवृद्धि गर्नुपर्छ । पर्यटन प्रवर्धनकै उद्देश्यले पोखराको फेवाताल र पञ्चासेलाई जोड्ने गरी 'अर्गानिक इको ट्रेल' (जैविक पदमार्ग) निर्माणको प्रक्रिया अघि बढेको छ । एसियाली विकास बैंक, नगर विकास कोष र पोखरा महानगरपालिकाको संयुक्त लगानीमा करिब ५२ करोड रुपैयाँको अनुमानित लागतमा यसको टेन्डर आह्वान भइसकेको छ । यसमा एडिबीले ७५ प्रतिशत, नगर विकास कोषले १८ प्रतिशत र महानगरपालिकाले ७ प्रतिशत लागत व्यहोर्नेछन् । वातावरणीय सन्तुलनमा असर नपर्ने गरी निर्माण गरिएमा यो परियोजना सुन्दर र पर्यावरणमैत्री बन्नेछ, जसले पोखराको पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास लिइएको छ ।

पोखरा नेपालको पर्यटकीय राजधानी हो भन्नेमा कसैको दुई मत छैन । तर, अब पोखरा आउने पर्यटकको बसाइ अवधि कसरी लम्बाउने भन्ने विषयमा गम्भीर र घनीभूत छलफल गर्ने बेला आएको छ । पोखरा र आसपासका जिल्लामा नयाँ पर्यटकीय पदमार्गको खोज गरी तिनको प्रवर्धनमा जोड दिनुपर्छ । मौलिक सांस्कृतिक गाउँहरूमा होमस्टे (घरबास)को व्यवस्थापन गरी पर्यटकीय सुविधा विस्तार गरिनुपर्छ । स्थानीय वेशभूषा, जैविक उत्पादन र मौलिक बाजागाजाका माध्यमबाट पर्यटकको मन जित्न सक्नुपर्छ ।

अर्कोतर्फ, पोखराले पनि जलवायु परिवर्तनको गम्भीर मार खेपिरहेको छ । माछापुच्छ्रे र अन्नपूर्ण हिमशृंखलामा पर्याप्त हिउँ पर्न छाडेको छ । यो पोखराको मात्र नभएर विश्वव्यापी समस्या भएकाले यसतर्फ विश्व समुदायको ध्यानाकर्षण गराइरहनुपर्छ । पोखराभित्रै फिर्के खोला करिडोरलाई स्तरोन्नति गरी विश्रामस्थल निर्माण गर्न सके पर्यटकलाई सहरभित्रै रमाउने वातावरण बन्छ । जलकुम्भी र फोहोररहित फेवाताललाई सधैं स्वच्छ राख्न सके पोखराको सुन्दरता थप निखरिनेछ । हिमाली तथा जोखिमपूर्ण पदमार्गमा पर्यटकका लागि आवश्यक आधारभूत सुविधा उपलब्ध गराइनुपर्छ । पदमार्ग वा पर्वतारोहणका क्रममा पर्यटक जोखिममा परेमा तत्काल उद्धारका लागि सुरक्षा निकायको सक्रियता अनिवार्य हुन्छ ।

आजभोलि इन्टरनेटको सर्वसुलभताका कारण धेरै पर्यटकलाई गाइड (पथप्रदर्शक)को आवश्यकता पर्न छाडेको छ, तर हाम्रा कतिपय ग्रामीण पर्यटकीय क्षेत्रमा अझै टेलिफोन र इन्टरनेटको पहुँच पुग्न सकेको छैन, जहाँ सञ्चार सुविधा पुऱ्याउनु आवश्यक छ । पर्यटकलाई ठग्ने, लुट्ने वा विभिन्न शुल्कका नाममा आतंकित पार्ने र भड्काउनेजस्ता गैरव्यावसायिक आचरण पूर्ण रूपमा अन्त्य हुनुपर्छ । पर्यटक हाम्रा पाहुना हुन्, उनीहरूलाई सधैं सम्मानजनक व्यवहार गरिनुपर्छ ।

पोखराको समग्र विकासका लागि सबै क्षेत्रबीच अभूतपूर्व एकता, समन्वय र सहकार्यको खाँचो छ । पोखरा जाग्यो भने सिंगो देश जाग्छ । यदि हामीले हाम्रा पर्यटकीय गन्तव्यलाई सुरक्षित, स्वच्छ र आकर्षक बनाइराख्यौं भने पर्यटकको संख्या दोब्बर हुनेमा शंका छैन । त्यसैले पोखराका सुन्दर पक्षहरूलाई उजागर गर्दै पर्यटक लोभ्याउने काममा हामी निरन्तर लाग्नुपर्छ । अन्तर्राष्ट्रिय उडान र पर्यटन एकअर्कामा अन्योन्याश्रित विषय हुन्, यी दुवैको सन्तुलित विकास र निरन्तरताले मात्र पोखरालाई समृद्ध बनाउन सकिन्छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल मुलुककै राष्ट्रिय गौरवको आयोजना भएकाले यहाँबाट नियमित उडान हुनु अपरिहार्य छ । यस विमानस्थलको अन्तराष्ट्रिय स्तरमा व्यापक प्रचारप्रसार गर्दै उडान सेवालाई सुरक्षित, व्यवस्थित र विश्वसनीय बनाउनु हामी सबैको साझा दायित्व हो ।

# नयाँ सत्ताको स्टन्टबाजी

**विचार**



● नरेन्द्रमान श्रेष्ठ

*३५ बर्से शासकीय बेथितिलाई गाली गर्दै 'जान्नेलाई छान्ने' नाराका साथ सत्तामा पुगेको नयाँ शक्ति पनि सस्तो स्टन्ट, असंगत अभिव्यक्ति र नागरिकका दैनन्दिन समस्याप्रति बेखबर बन्दै गएको छ । आलोचना पचाउन नसक्ने र हरेक असफलतामा षड्यन्त्र देख्ने राजनीतिक संस्कृति उस्तै छ ।*

गत बिहीबार मेरा एक आफन्तले अस्पतालमा रगत परीक्षण गराए । तर लगातार तीन दिन सार्वजनिक बिदा परेकाले त्यसको रिपोर्ट सोमबार मात्र आउने भयो । इन्धन बचाउने बहानामा आइतबार सार्वजनिक बिदा दिँदा आमनागरिकले कति सास्ती पाएका छन् भन्ने कुरा सरकारले देख्न सकेन । यसको कुनै औचित्य नभएकाले यो बिदा हटाउनु आवश्यक छ । तर, यति भनिरहँदा सत्ताका अन्धभक्त भने सरकारलाई असफल बनाउन यस्तो लेखिएको भन्दै गालीगलौजमा उत्रिन्छन् । पछिल्लो समय देशमा जे-जति समस्या देखिएका छन्, ती सबैमा 'सरकार असफल बनाउने पुराना दलको षड्यन्त्र' देख्ने भाष्य निर्माण गरिँदै छ । ग्यासको अभाव हुनु, फुटपाथमा बच्चा जन्मिनु, माइतीघरमा आत्महत्याको प्रयास हुनु, सेयर बजार ओरालो लाग्नु वा जिबी राईजस्ता ठग पक्राउ नपर्नु- सबै घटनालाई सरकार ढाल्ने षड्यन्त्रसँग जोडेर प्रचार गरिँदै छ । आखिर यस्ता तर्कले कसलाई फाइदा पुग्छ ?



प्रतिनिधिसभा निर्वाचनका बेला पुराना राजनीतिक दलहरूले ३५ वर्षसम्म देश लुटे र भ्रष्टाचार मात्र गरे भन्ने भाष्य खडा गरियो । 'जान्नेलाई छान्ने' नारा दिँदै झन्डै दुई-तिहाइनजिकको जनमत पाएका सांसदहरूले अहिले राजनीतिलाई सेवा होइन, मेवा ठानेका छन् । वर्तमान संसद्मा राजनीतिज्ञभन्दा नौटंकीहरूको बाहुल्य देखिनु विडम्बना हो । राजनीतिमा नैतिकता, इमानदारी, दक्षता र जिम्मेवारीबोध चाहिन्छ । तर, पछिल्लो समय उम्मेदवारको योग्यता र छवि नहेरी अन्धाधुन्द भोट हालिँदा सहकारी ठग, फौजदारी मुद्दाका अभियुक्त, गुन्डा नाइकेदेखि विभिन्न पेसाका मानिस संसद् पुगे । सांसदहरू नै तालिमका लागि बजेट माग्ने र बजेट विनियोजनको मर्म नबुझ्ने अवस्थामा पुग्दा 'जान्नेलाई छान्ने' नाराको उपहास भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र बालेन नेतृत्वको सरकार बनेको करिब छ महिना पुग्न लाग्यो । तर, यस अवधिमा देश निर्माणका लागि के-कस्ता पूर्वाधार बने र नागरिकले के-कस्ता सेवा पाए भनी जनताले प्रश्न गरिरहेका छन् । 'परम्परा तोड्ने र नयाँ निर्माण गर्ने' धुनमा प्रधानमन्त्रीले प्रतिनिधिसभामै पुगेर 'नेपालले पनि भारतको धेरै ठाउँमा जग्गा मिचेको छ' भन्ने गैरजिम्मेवार अभिव्यक्ति दिए । भारतले समेत दाबी नगरेको विषयमा कहाँ र कति जग्गा मिचियो भन्ने प्रमाणबिना यस्ता अभिव्यक्ति दिनु सस्तो लोकप्रियताबाहेक केही होइन ।

संसद् र सडकमा उठेका प्रश्न वा प्रतिपक्षको विरोधलाई साइबर सेनामार्फत अश्लील गाली र चरित्रहत्या गराएर थिच्न खोज्ने प्रवृत्ति बढेको छ । अर्कातिर, कामभन्दा बढी स्टन्टबाजी हाबी छ । सामान्य सहकारी ठगलाई पक्राउ गर्न नसक्ने सरकारका गृहमन्त्री दरबार हत्याकाण्डको फाइल खोल्ने भन्दै भ्रम छरिरहेका छन् । पुराना दललाई सरापेर सत्तामा पुगेकाहरूले ६ महिनामा आमनागरिकलाई राहत दिनुको साटो इतिहासमै पहिलोपटक बिजुलीमा भ्याट थपेर महँगीको मारमा पारेका छन् ।

साँच्चै, संसद् भनेको देशका लागि नीति-नियम र कानुन बनाउने सर्वोच्च संस्था हो । तर, कार्यशैलीमा कुनै सुधार नआउने, जनताका दैनन्दिन समस्या हल नहुने र गैरजिम्मेवार अभिव्यक्ति दिने हो भने नयाँ र पुराना दलमा के फरक रह्यो र ? जनताले खोजेको वास्तविक परिवर्तन स्टन्टमा होइन, सुशासन र नागरिक राहतमा हो ।

**इतिहासको पाना** ● रतन भण्डारी

## दिल्ली सम्झौतापछि दुई किनारा भएका बिपी र केआई सिंह




नेपालको प्रजातान्त्रिक इतिहासका दुई प्रभावशाली राजनीतिक व्यक्तित्व डा. केआई सिंह र बिपी कोइराला । २००७ सालको आन्दोलनमा दुवैको सक्रिय भूमिका रह्यो । यद्यपि, राजनीतिक दृष्टिकोण र बाटो भने क्रमशः फरक हुँदै गयो ।

डा. सिंहले २००७ सालको दिल्ली सम्झौताको विरुद्धमा उभिँदै क्रान्तिलाई निरन्तरता दिए । बिपी भने दिल्ली सम्झौताले कोरेको मार्गचित्रअनुसार गृहमन्त्री बने र डा. सिंहको क्रान्ति निरन्तरताविरुद्ध बल प्रयोग गरे । २००७ फागुनमै भारतीय सेना बोलाएर डा. सिंहलाई भैरहवामै पक्राउ गरी बन्दी बनाइयो ।

२००८ साउनमा डा. सिंहले भैरहवा जेल ब्रेक गरे । पुनः पक्राउ गरी उनलाई काठमाडौं ल्याएर सिंहदरबारमा बन्दी बनाइयो । डा. सिंहले फेरि सिंहदरबारबाट जेल ब्रेक गरी सिंहदरबार नै कब्जामा लिए । त्यसपछि उनी चीन पुगे र त्यहाँ राजनीतिक शरण लिए ।

चीनबाट फर्किएपछि डा. सिंह बिपी कोइरालाभन्दा अघि नै प्रधानमन्त्री बने । दिल्ली सम्झौताविरुद्ध क्रान्ति जारी नराखेको भए डा. सिंहका लागि यस्तो परिस्थिति सिर्जना नहुन पनि सक्थ्यो । उनी प्रधानमन्त्री बन्ने वातावरणसमेत नबन्न सक्थ्यो ।

तर २०१५ सालको आमनिर्वाचनमा डा. सिंह पराजित भए । त्यस निर्वाचनपछि बिपी कोइराला नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री बने । त्यसपछिका दिनमा डा. सिंह र बिपी कोइरालाबीचको सम्बन्ध सुमधुर रहेन । तर जीवनको उत्तरार्धमा भने सार्वजनिक कार्यक्रमहरूमा उनीहरूको भेटघाट भइरहन्थ्यो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# आकाशमै पाइलटबीच झडप, भारतीय क्याप्टेनको साहसको प्रशंसा

**काठमाडौं/मस-** फ्लाई दुबईको एफजेड-१०७३ उडान ३० सेप्टेम्बर बिहान दुबईबाट तेलअभिवका लागि उडेको थियो। विमानभित्र १७४ जना यात्रु र चालक दलका सदस्य थिए। उडान सामान्य रूपमा अघि बढिरहेको अवस्थामा विमान तीव्र गतिमा तल-तल झऱ्यो ।

विमान करिब ३४ हजार फिटबाट केही मिनेटको अवधिमा करिब १५-१७ हजार फिटको आसपास झरेको थियो । त्यसक्रममा विमानले सामान्य आपत्कालीन अवस्थाको संकेत र केही समयपछि विमानमाथि गैरकानुनी हस्तक्षेप भएको संकेत दिने कोड प्रसारण गरेको थियो ।

त्यसपछि तेलअभिवतर्फ जानुपर्ने विमान साउदी अरबको तबुकतर्फ मोडियो । अचानक ककपिटबाट आएको घटनाले उडानको दिशा नै बदलियो। दुई पाइलटबीच भएको झडपपछि विमानले केही समयमै असामान्य रूपमा उचाइ गुमाउन थाल्यो । करिब १४ हजार फिट तल झरेपछि विमानमा रहेका यात्रुहरूमा त्रास फैलियो । उडानले आपत्कालीन संकेत प्रसारण गऱ्यो र अन्ततः गन्तव्य तेल अभिव पुग्नुअघि साउदी अरबको तबुकतर्फ मोडियो ।




घाइते अवस्थामा पनि क्याप्टेन स्मित मच्छारले ककपिटको ढोका खोल्न सफल नभएको भए यो घटना अझ गम्भीर बन्न सक्थ्यो । त्यसपछि यात्रु तथा चालकदलका सदस्यले भित्र प्रवेश गरेर स्थिति नियन्त्रणमा लिन सहयोग गरेका थिए । विमानमै रहेका अफ-ड्युटीमा रहेका चालक दलका सदस्यहरूले त्यसपछि उडानको नियन्त्रण सम्हाल्न र विमानलाई सुरक्षित रूपमा तबुक पुऱ्याउन सहयोग गरे। करिब एक घण्टाभन्दा लामो समयको तनावपूण स्थितिपछि विमान तबुकको प्रिन्स सुल्तान बिन अब्दुलअजिज अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षित अवतरण भयो। विमानमा रहेका सबै यात्रु सुरक्षित रहेको फ्लाई दुबईले जनाएको छ। पछि उनीहरूलाई अर्को विमानमार्फत तेल अभिव पठाइएको थियो ।

प्रारम्भिक विवरणअनुसार ककपिटमा क्याप्टेन र सहपाइलटबीच झडप भएको थियो । रोयटर्सका अनुसार, सहपाइलटले क्याप्टेनमाथि धारिलो आक्रमण आक्रमण गरेको र त्यसपछि विमानले तीव्र रूपमा तल खस्न थालेको थियो ।

फ्लाई दुबईले घटनाको कारण र उद्देश्यबारे तत्काल निष्कर्षमा नपुग्न आग्रह गरेको छ । संयुक्त अरब इमिरेट्सको नागरिक उड्डयन निकायले घटनाको कारण र परिस्थितिबारे अनुसन्धान गरिरहेको जनाएको छ ।

क्याप्टेन मच्छार घाइते भएपछि पनि ककपिटको ढोका खोल्न सफल भएको देखिन्छ। त्यसपछि केही यात्रु र चालक दलका सदस्य ककपिटमा प्रवेश गर्न सके । विमानमा संयोगले अफ-ड्युटी फ्लाई दुबईका चालक दलका सदस्यसमेत यात्रामा थिए । उनीहरूले ककपिटको अवस्था सम्हाल्न र विमानलाई सुरक्षित अवतरणतर्फ लैजान सहयोग गरेका थिए। घटनापछि भारतीय क्याप्टेन स्मित मच्छारको अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा चर्चा छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री नेतन्याहूले पनि उनको साहसको प्रशंसा गरेको समाचार छ। भारतीय सञ्चारमाध्यमका अनुसार मच्छार महाराष्ट्रको मुम्बईस्थित घाटकोपरका हुन् । उनले व्यावसायिक उडान करिअर स्पाइसजेटबाट सुरु गरेका थिए। सन् २०११ मा स्पाइसजेटमा प्रवेश गरेका उनी त्यहाँ करिब ११ वर्ष कार्यरत रहे र सिनियर क्याप्टेनसम्म पुगे ।

सन् २०२० नोभेम्बरदेखि उनी लाइन ट्रेनिङ क्याप्टेनको भूमिकामा समेत थिए। यस्तो भूमिकामा पाइलटलाई प्रशिक्षण दिने र उनीहरूको उडान क्षमताको मूल्यांकन गर्ने जिम्मेवारी हुन्छ । सन् २०२२ जुनमा उनी फ्लाई दुबईमा डाइरेक्ट इन्ट्री क्याप्टेनका रूपमा जोडिएका थिए। उनको सार्वजनिक व्यावसायिक प्रोफाइलमा बोइङ ७३७-८०० र ७३७ म्याक्स विमानमा करिब ९ हजार ७५० घण्टाको उडान अनुभव रहेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। स्पाइसजेटमै उनले ६ हजार ४०० घण्टाभन्दा बढी पाइलट-इन-कमाण्डका रूपमा उडान गरेका छन्।

तबुकमा अवतरणपछि मच्छारलाई अस्पताल लगिएको थियो । भारतीय दूतावासले उनी उपचाररत रहेको र अवस्था स्थिर रहेको जनाएको छ। घटनामा संलग्न सहपाइलटलाई साउदी अधिकारीहरूले नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएका छन्।

# समग्र लुम्बिनीको विकास प्राथमिकतामा छ : मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १५ असोज

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको समग्र विकासलाई प्राथमिकतामा राखेर सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको बताएका छन्।

जिल्ला समन्वय समिति अर्घाखाँचीले बिहीबार आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले विकासका क्षेत्रमा प्रदेश सरकारले आवश्यक पहलकदमी लिएको दाबी गरे । उनले सरकारका कामको मूल्यांकन भाषण र दाबीका आधारमा नभई त्यसबाट प्राप्त परिणामका आधारमा हुनुपर्ने बताए ।

'विकासको पहलकदमी लिएका छौं । अहिले जनताले परिणाम खोजेका छन्। कुराले मात्रै चिउरा भिज्दैन । आलोचना गरेर मात्रै विकास हुँदैन,' उनले भने ।

उनले लुम्बिनी प्रदेशको विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए ।

अर्घाखाँचीमा मात्रै संघीय सरकारका २७ वटा सशर्त आयोजना रहेको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले विनियोजित बजेट तथा आयोजनाको कार्यान्वयन अवस्थाबारे गम्भीर समीक्षा गर्नुपर्ने बताए ।

विकास निर्माणका कामलाई राजनीतिक आग्रह-पूर्वाग्रहका आधारमा मूल्यांकन गर्न नहुने भन्दै उनले आवश्यकता र परिणामका आधारमा आयोजनाको मूल्यांकन गर्नुपर्ने बताए। विकासका विषयमा हुने गलत प्रचार अन्त्य गर्नुपर्नेमा पनि उनले जोड दिए। मुख्यमन्त्री आचार्यले वनसम्बन्धी कानुन स्पष्ट र प्रभावकारी रूपमा संशोधन हुन नसक्दा प्रदेश तथा स्थानीय तहको विकास र राजस्व संकलनमा समेत असर परेको बताए ।




वन तथा नदीजन्य पदार्थबाट अपेक्षाअनुसार राजस्व संकलन हुन नसकेको उल्लेख गर्दै उनले संघीय सरकारसँग कानुनी तथा नीतिगत सुधारका लागि निरन्तर पहल भइरहेको जानकारी दिए ।

उनका अनुसार लुम्बिनी प्रदेशमा पछिल्लो समय पूर्वाधार, शिक्षा, स्वास्थ्य, विद्युत्, सिँचाइ तथा सडक क्षेत्रमा उल्लेख्य काम भएका छन् । अर्घाखाँचीमा पक्की तथा झोलुंगे पुल निर्माण, सिँचाइ पूर्वाधार विस्तार, विद्युतीकरण, विद्यालयको भौतिक सुधार तथा आधारभूत अस्पतालमा चिकित्सक पठाउने काम भएको उनले बताए।

मुख्यमन्त्री आचार्यले विकासको अवस्थालाई विगतसँग तुलना गरेर मूल्यांकन गर्नुपर्ने बताए । २०७४ सालअघिको अवस्था र त्यसपछिको अवधिमा भएका विकासलाई हेर्नुपर्ने उनको भनाइ थियो ।

प्रतिनिधिसभा सदस्य हरिप्रसाद भुसालले वार्षिक समीक्षा आगामी दिनमा सुधार गर्नुपर्ने राम्रा तथा कमजोर पक्ष पहिचान गर्ने अवसर भएको बताए ।

उनले सरकारी कार्यालयबाट नागरिकलाई सेवा प्रवाह कसरी भइरहेको छ भन्ने विषयलाई मुख्य रूपमा हेर्नुपर्ने बताए। तीन तहका सरकारबीच प्रभावकारी समन्वय कायम गरेर जिल्लाको विकास र समृद्धिका लागि अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

सामाजिक विकासमन्त्री रामजीप्रसाद घिमिरेले तीन तहका सरकारका कार्यालयले गरेका कामको समीक्षा आवश्यक रहेको बताए। सरकारका तह फरक भए पनि काम गर्ने थलो एउटै जिल्ला भएकाले जिल्लाको समृद्धिका लागि वार्षिक समीक्षा महत्वपूर्ण रहेको उनको भनाइ थियो ।

शीतगंगा नगरपालिकाका नगरप्रमुख झविलाल पौडेलले संघीय र प्रदेशका कानुन स्पष्ट नहुँदा स्थानीय तहलाई काम गर्न समस्या भइरहेको बताए ।

उनले तीन तहका सरकारबीच अधिकार र जिम्मेवारी स्पष्ट पार्दै आवश्यक समन्वय हुनुपर्ने बताए।

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले वार्षिक समीक्षा कार्यक्रम दुई दिनसम्म सञ्चालन हुने जानकारी दिए । समीक्षा कार्यक्रममा जिल्लास्थित संघ, प्रदेश र स्थानीय तहअन्तर्गतका कार्यालय तथा निकायले आफ्नो वार्षिक प्रगति, समस्या र आगामी कार्ययोजनाबारे प्रस्तुत गर्नेछन्।

# 'मोती-लय'को तयारी सकियो १६ असोजमा भव्य गरिने

**काठमाडौं/मस-** नेपाल प्रज्ञाप्रतिष्ठानले १६ असोजमा आयोजना गरेको 'मोती-लय' को तयारी पूरा भएको जनाएको छ ।




१६ असोज शुक्रबार दिउँसो २ बजे १६१औं मोतीजयन्तीका अवसरमा प्रतिष्ठानको मुख्य प्रेक्षालयमा कार्यक्रम हुनेछ। उक्त अवसरमा गजल गायन, ११ चित्रकारका मोतीराममाथिका प्रत्यक्ष चित्रकला, मोतीरामका गजलमा अभिनय प्रस्तुत गरिने प्रतिष्ठानद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यसरी नै कार्यक्रममा सातै प्रदेशबाट ३/३ जनाका दरले २१ जना नयाँ पुस्ताका गजलकारले गजल वाचन गर्नेछन् भने करिब एक दर्जन अग्रज गजलकारका गजल पनि वाचन हुनेछन् ।

नेपाली साहित्यमा गजललेखनको व्यापकतासँगै परिष्कार पनि आइरहेका सन्दर्भमा गजलको विकास र विस्तारमा थप टेवा पुगोस् साथै आदिगजलकार मोतीराम भट्टप्रति सम्मान पनि होस् भन्ने हेतु 'राष्ट्रिय गजल दिवस'को निर्णय गरिएको र सोहीअनुसार पहिलो औपचारिक कार्यक्रम नै 'मोती-लय' आयोजना गरिएको काव्य, संस्कृति एवं डिजिटलाइजेसन विभाग प्रमुख दीपक सापकोटाले बताए ।

आदिगजलकार मोतीराम भट्टको जन्मजयन्ती (कुशे औंसी) लाई 'राष्ट्रिय गजल दिवस'का रूपमा मनाउने निर्णय नेपाल प्रज्ञाप्रतिष्ठानको गत साउन २८ को पहिलो बैठकले गरेको थियो। उक्त निर्णयअनुसार २६ भदौमा आयोजना गर्ने भनिएको 'मोती-लय' भोटेकोशी बाढीका कारण १६ असोजका लागि सरेको थियो । प्रतिष्ठानले १६ असोजमा हुने 'मोती-लय'मा सादर उपस्थितिका लागि सबैमा अनुरोध पनि गरेको छ ।

# मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ असोज

रौतहटको बौधिमाई नगरपालिका-८ स्थित मौलापुर-बंकुल भित्री सडकखण्डमा बिहीबार भएको मोटरसाइकल दुर्घटनामा परी एक युवकको घटनास्थलमै मृत्यु भएको छ । मृत्यु हुनेमा रौतहटकै परोहा नगरपालिका-९ निवासी २८ वर्षीय जितेन्द्र दास रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार मौलापुरतर्फबाट बंकुलतर्फ जाँदै गरेको बिआर ०५ एयु ०९०५ नम्बरको भारतीय नम्बर प्लेटको मोटरसाइकल तीव्र गतिका कारण आफैं अनियन्त्रित भई सडक किनारमा दुर्घटनाग्रस्त भएको थियो । बिहीबार बिहान करिब ५:३० बजे स्थानीयले दुर्घटनाग्रस्त अवस्थामा सवारी र युवकलाई देखेपछि प्रहरी चौकी बंकुलमा खबर गरेका थिए । मृतकको शवलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाउने तयारी भइरहेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०२/२८ मा दर्ता भएको **प्रा. लि. नं. १२०२८३** को श्री **ब्यारेट एड्भर्टाईजिङ्ग प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०५/०३ मा दर्ता भएको **प्रा. लि. नं. १९६४०६** को श्री **पाँच पन्न भिमसेन बहुउद्देशिय ढुवानी सेवा प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रकाशित मिति २०८३ साल असोज महिना १६ गते शुक्रबार

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचनाको भूल सुधार सम्बन्धमा**

मिति २०८३ साल असोज महिना १३ गते मंगलबारको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा यस विकास बैंकबाट प्रकाशित भएको सूचनाको नं. ११ को व्यक्तिगत धनजमानीकर्ताहरुको विवरणको नं. ३ मा गंगे थापाको नाति मन बहादुर थापाको छोरा तनहुँ जिल्ला गजरकोट वडा नं. ४ हाल, घिरिङ गा.पा. वडा नं. १ बस्ने खड्ग बहादुर थापा (ना.प्र.नं. : ८३९१ जारी मिति र जिल्ला : २०४९/०१/०२, तनहुँ) हुनु पर्नेमा भुलवस अन्यथा भएकोले भूल सुधार गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

**अन्तरवार्ता ठेगाना थपिएको सूचना**

मिति २०८३/०६/१० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित युएईमा रोजगार शिर्षक, कम्पनीको नाम **: GULF CATERING AND SUPPORT SERVICES LLC , L.T. No.: 326810,** पूर्व स्वीकृत मिति : **२०८२/०३/२२** र चलानी नं.: **६०२४०७९०** को पुन विज्ञापनमा अन्तरवार्ता ठेगाना एशियन पार्टी प्यालेस बुटवल-९, रुपन्देहीमा २०८३ असोज २२ गते **(8 October 2026)** मा पनि थपिएको यसै सूचनाद्वारा सबैमा जानकारी गराईन्छ ।

Govt. Lic. No.: 1596/079/080
LEO INTERNATIONAL HR CONSULTANCY PVT.LTD.
(साविक :Code Recruitment Services Pvt. Ltd.)
Kathmandu 30, Maitidevi, Mahakabi Marg, Phone : 01-5912843, 5912844,
Padam Gautam: 9851241211, Contact Number: 9851241211 (Kathmandu), 9802028989 (Birtamode Jhapa), 9856067908 (Pokhara), 9818578658 (Itahari), Butwal Contact No : 9802698026
E-mail :nepaljobs@leointernationalhrc.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७७/०९/०१ मा दर्ता भएको श्री **बिराट मेडिकेयर हस्पिटल (दर्ता नं. २५०१३९)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८३/०४/२८ गते नैकापबाट नयाँ बानेश्वर जाने क्रममा मेरो निम्न व्यहोरा भएको १०+२ तहको Migration Certificate हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न सर्म्पक नं वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।

**नाम : Anup Raj Chauhan**
**Reg. No. : 757672130**
**Serial No. : NA**
**Contact No. : 9849141461**
**Address : Chandragiri-15, Kathmandu**

चामुण्डाविन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/१६**

यस नगरपालिका अन्तर्गत असिनाबाट प्रभावित कृषकहरूलाई अनुदानमा वितरण गर्ने प्रयोजनका लागि गहुँको उन्नत बीउ खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (सोह्रौँ संशोधन, २०८३ समेत) बमोजिम योग्य तथा इच्छुक इजाजतप्राप्त आपूर्तिकर्ता/फर्म/कम्पनीहरूबाट देहायबमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

| क्र.सं. | ठेक्का नं. र खरिद विवरण | परिमाण | इकाई | लागत अनुमान | दरभाउपत्र जमानत |
|---|---|---|---|---|---|
| १ | SQ/GOODS/WHEAT/02-2083/084 र असिना पीडित कृषकलाई अनुदानमा गहुँको उन्नत बीउ वितरण (जस्तैः WK१२०४, स्वर्गदारी वा प्रचलित उपयुक्त जात) | १४,७०५ | के.जी. | रु. १२,५०,०००।– | कबोल रकमको २.५% |

१. थप जानकारीका लागि: चामुण्डाबिन्द्रासैनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जम्बुकाँध, दैलेख फोन नं.: ९८५८०३८१७८ इमेल: ito.chamundabindrasainimun.gov.np/info@chamundabindrasainimun.gov.np

प्रमुख प्रशासकीय अधिकृत

यस मेघेन्द्र ग्राम प्रा. लि. ले चीनको SUMEC TECHNOLOGY AND EQUIPMENT CO. LTD., नामक कम्पनीबाट Bonluck ब्राण्डका विद्युतिय सवारी साधन खरिद गरि बिक्रि वितरण गर्ने हुँदा यो सूचना प्रकाशित गरेको र देहाय बमोजिम अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) रहेको व्यहोरा जानकारी गराउछौं ।

**सवारी साधनको वितरण**

| S.N. | Model No. | Motor No. | Peak Power | Rated Power | MRP |
|---|---|---|---|---|---|
| 1. | JXK6540RBEV | TZ220XS030D1SG | 80 KW | 50 KW | Rs. 61,00,000 |

**Name: Meghendra Ghram Pvt. Ltd.** **Address: Kathmandu-10, Kathmandu**
**Exim Code: 6098914140149NP** **VAT No: 609891414** **Contact: 9707422811**

**व्यक्ति प्रमाणित सम्बन्धमा**

प्रस्तुत विषयमा जिल्ला नवलपरासी (ब.सु.पू.), कावासोती नगरपालिका वडा नं.०३ निवासी भारतीय पेन्सनर जिल्ला नवलपरासी (ब.सु.पूर्व) कावासोती नगरपालिका वडा नं.-३, निवासी भारतीय पेन्सनर (भारतीय सैनिक नं. ५०४०२६८ **P,H/NB/SUB, PPO NO. S/082457/98 TS NO. 159673**) टेक बहादुर पुनको तपशिल बमोजिमको कागजातमा श्रीमती, छोरा र छोरीको नाम, थर र जन्म मिति फरक-फरक भएता पनि व्यक्ति एउटै हो, झुटा भएमा कानुनानुसार भैजाने छ।

| सि. नं. | नागरिकतामा प्रमाणपत्रमा उल्लेख भएको नाम, थर र जन्म मिति | पेन्सन पट्टामा उल्लेख भएको नाम, थर र जन्म मिति | फोटो | नाता | कैफियत |
|---|---|---|---|---|---|
| १. | रत्न कुमारी पुन २०१८/०८/०५ (A.D.१९६१-११-२०) | RATNA KUMARI (A.D. 1961-04-15) |  | श्रीमती | एउटै व्यक्ति |
| २. | देब बहादुर पुन २०३९/०६/१८ (A.D. १९८२-१०-०४) | DEO BAHADUR PUN (A.D. 1982-10-13) |  | छोरा | एउटै व्यक्ति |
| ३. | देवी कुमारी पुन २०४१/०६/०२ (A.D. १९८४-०९-१८) | DEVI KUMARI PUN (A.D. 1984-10-17) |  | छोरी | एउटै व्यक्ति |

KUWAIT मा रोजगार YUMCO FOR MANAGING RESTAURANS & BAKARIES CO.
पुर्व स्वीकृती मिति: २०८३/०६/१५ चलानी नं.६०२६१९३९ LT. NO. 348806

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Cleaners Indoor | 6 | 0 | साधारण | 90 | ४४,७८०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ताः २०८३ असोज २३ गते (9 Oct., 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी हुनेछ ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9851042984, 9851159503
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

मलेसियामा रोजगार
कम्पनी: GROUP TACTICAL SECURITY SDN BHD शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/१२/१५ चलानी नं.: ६०२५३६७२ L.T. No.:340191 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 19 | 0 | स. काममा दक्ष | 1700 | ६३,८०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २३ गते (9 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1406/074/075
KALINCHOK H. R. PVT. LTD.
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal.
Tel: 01-4980649/9701012533 /9801081748 /9851136852 Email: info@kalinchokhr.com.np

बहराईनमा रोजगार
कम्पनी: THE BEAUTY BOX WLL शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८३/०६/१५ चलानी नं.: ६०२६१९६९ LT. No.: 348711

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician (Female) | 0 | 2 | स. काममा दक्ष | 200 | ८१,१८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २३ गते (9 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PANDORA INCORPORATION PVT. LTD.
Govt. Lic. No. 502/061/062
Samakhusi, Kathmandu, Tel +977-1- 4987601, 4987608. Email: pandorainc14@gmail.com.
Mobile No : 9709711120 (Melina Lama), 9709711121 (Kumari Dong), 9709711122 (Pawan Saru)
9861133194 (Purushottam Shrestha), 9818465637 (Anita Tamang)




लमजुङको क्व्होलासोथर गाउँपालिका-३ स्थित पर्यटकीय घलेगाउँ । लमजुङकै पहिलो होमस्टे गाउँका रूपमा परिचित घलेगाउँमा विसं २०५७ मा १२ घरबाट होमस्टे सञ्चालन सुरु भएको थियो । हाल यहाँ ४२ घरमा होमस्टे सञ्चालनमा छन् । प्राकृतिक सौन्दर्य, गुरुङ संस्कृति, मौलिक जीवनशैली तथा स्थानीय परिकारका कारण घलेगाउँ पर्यटकको आकर्षणको केन्द्र बन्दै आएको छ । **तस्बिर: जनक श्रेष्ठ/रासस**

# ‘चेम्बर बजार’ मेला असोज १७ गतेदेखि

काठमाडौं/मस- नेपाल महिला चेम्बरले महिला उद्यमी तथा व्यवसायीका उत्पादनको बजारीकरण, प्रवर्धन र व्यापार विस्तार गर्ने उद्देश्यले आगामी शनिबारदेखि चेम्बर अफ कमर्सको भवन, जमलमा ‘चेम्बर बजार’ सञ्चालन गर्ने भएको छ । बजारमा खाद्यान्नलगायत लत्ताकपडा, हस्तकलाका सामाग्री आदि बिक्रीको लागि राखिनेछ। मेलामा साल्ट ट्रेडिङलगायत स्टल रहनेछन् ।




चेम्बर बजारमा महिला उद्यमीका उत्पादनसँगै आयात निर्यातजन्य वस्तुहरूको समेत प्रवर्धन तथा बजारीकरण गरिनेछ । उद्यम गरिरहेका र उद्यम गर्न इच्छुक महिलालाई व्यवसायमा आकर्षित गर्न सरकारी प्रक्रिया तथा व्यवसाय सञ्चालनसम्बन्धी अभिमुखीकरण, सीप तथा भोकेसनल तालिम, महिला स्वास्थ्यसम्बन्धी सचेतना तथा निःशुल्क स्वास्थ्य परीक्षणजस्ता कार्यक्रम पनि सञ्चालन गरिने नेपाल महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठले जानकारी दिइन् । चाडबाडलाई लक्षित गरी शनिबार र आइतबार बजार लाग्ने र चाडबाडपश्चात् पनि शनिबार मेला सञ्चालनमा रहने उनले जानकारी दिइन् । चेम्बर बजारलाई केवल व्यापारिक मेला नभई महिलाको आर्थिक सशक्तीकरण, सीप विकास, बजार पहुँच र व्यावसायिक क्षमता अभिवृद्धिको निरन्तर अभियानका रूपमा अघि बढाइने नेपाल महिला चेम्बरकी सचिव इरा प्रसाईंले बताइन् । यस मेला नेपाल युथ चेम्बरसँगको सहकार्य सहयोगमा सञ्चालनमा आउन लागेको हो । महिला उद्यमीलाई आफ्नो उत्पादनको बजार विस्तार गर्न अवसर प्रदान गर्नुका साथै प्रत्येक महिलालाई व्यवसायप्रति प्रेरित र सक्षम बनाउने मुख्य लक्ष्य रहेको नेपाल महिला चेम्बरले जनाएको छ ।

# निजी क्षेत्रलाई विद्युत् प्रसारण लाइन प्रयोग गर्न खुला

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असोज



सरकारले निजी क्षेत्रलाई राष्ट्रिय प्रसारण लाइन प्रयोग गर्न खुला गरेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत् व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउने उद्देश्यका साथ प्रसारण लाइन प्रयोगको बाटो खोलेको हो । मन्त्रालयमातहतको विद्युत् नियमन आयोगले बिहीबार ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको उपस्थितिमा निजी क्षेत्रलाई राष्ट्रिय प्रसारण लाइन प्रयोग गर्न दिन प्रसारण दस्तुर (ह्विलिङ चार्ज) निर्धारण सार्वजनिक गरेको छ ।

आयोगका अध्यक्ष रामप्रसाद धितालका अनुसार राष्ट्रिय विद्युत् प्रसारण ग्रिड (नेसनल ट्रान्समिसन ग्रिड)को प्रसारण शुल्क गणनासम्बन्धी मापदण्डबमोजिम शुल्क निर्धारण गरिएको छ । मापदण्डअनुसार आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल विद्युत् प्राधिकरणअन्तर्गतको राष्ट्रिय विद्युत् प्रसारण ग्रिड (नेसनल ट्रान्समिसन ग्रिड)मा रहेको प्रसारण प्रणाली उपयोग गर्दा मध्यकालीन र दीर्घकालीन खुला पहुँचका लागि प्रतिमेगावाट रु. ४.१३ लाख प्रतिमहिना र अल्पकालीन खुला पहुँचका लागि प्रतिकिलोवाट घण्टा ५७ पैसा प्रसारण शुल्क निर्धारण गरिएको अध्यक्ष धितालले बताए ।

अध्यक्ष धितालले आयोगले खुला बजार नीतिअन्तर्गत तेस्रो पक्ष वा निजी क्षेत्रलाई समेत विद्युत् प्रसारण प्रणाली प्रयोग गर्न दिनका लागि यो शुल्क निर्धारण गरेको बताए । ‘उक्त शुल्क निर्धारण गर्दा नेपाल विद्युत् प्राधिकरणको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गरिएको वित्तीय विवरण र प्राधिकरणबाट पेस भएको आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ का लागि वार्षिक आवश्यक आयको अनुमानित विवरण समेतलाई आधार मानी उपरोक्त मापदण्डबमोजिमको गणना विधि अपनाई प्रसारण शुल्क निर्धारण गरिएको छ,’ उनले भने ।

तेस्रो पक्ष वा निजी क्षेत्रले प्रसारण तथा वितरण लाइन प्रयोग गरेर बिजुली आदानप्रदान गर्न आयोगले तोकेको मापदण्ड र दरअनुसार नेपाल विद्युत् प्राधिकरणलाई ह्विलिङ चार्ज तिर्नुपर्ने आयोगले जनाएको छ । आयोगका सदस्य जयराज भण्डारीले राष्ट्रिय विद्युत् प्रसारण ग्रिडअन्तर्गतबाहेकका अन्य रेडियल तथा डेडिकेटेड प्रसारण संरचनाहरूको प्रसारण शुल्क निर्धारण प्रक्रिया सम्बन्धमा आयोगले छुट्टै निर्देशिका जारी गर्ने गरी कार्य भइरहेको बताए ।

# बुटवलमा शनिबार पल्सर आरपिएम




**बुटवल/मस-** युवापुस्ताको रुचि, ऊर्जा, सिर्जनशीलता र सडक संस्कृतिलाई एउटै मञ्चमा जोड्दै पल्सर आरपिएम बुटवलमा आयोजना हुने भएको छ । काठमाडौंमा सुरुवात भएको पल्सर आरपिएम अब बुटवलमा आयोजना हुन लागेको हो । पल्सर आरपिएम शनिबार बुटवलस्थित ढुंगा स्केट-एड स्केट पार्कमा आयोजना हुनेछ। कार्यक्रम दिउँसो २:३० बजेदेखि सुरु हुनेछ । पल्सर आरपिएम बुटवलमा मोटरसाइकल स्टन्ट, बिएमएक्स, स्केटबोर्डिङ, ब्रेकिङ, र्‍याप, डिजे प्रस्तुति, ग्राफिटीलगायत सडक संस्कृतिसँग सम्बन्धित विभिन्न गतिविधि र प्रस्तुति रहनेछन् । यसले बुटवलका युवालाई आफ्नो प्रतिभा, सीप, रुचि र सिर्जनशीलता प्रस्तुत गर्ने तथा विभिन्न विधाका कलाकार र प्रतिभासँग जोडिने अवसर प्रदान गर्नेछ । बुटवलमा आयोजना हुने कार्यक्रमले बुटवलको आफ्नै ऊर्जा, स्थानीय युवा समुदाय र यहाँको सडक संस्कृतिलाई केन्द्रमा राख्दै स्थानीय परिवेशसँग जोडिएको विशेष अनुभव प्रस्तुत गर्नेछ ।

# वेस्टर्न युनियनको ‘यो दसैं म छु सँगै’ अभियान, ५ लाख जित्ने अवसर




**काठमाडौं/मस-** वेस्टर्न युनियनले दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै ‘यो दसैं म छु सँगै’ नामक नयाँ ग्राहक योजना सार्वजनिक गरेको छ । वैदेशिक रोजगारी तथा अध्ययनका क्रममा परिवारबाट टाढा रहेका नेपालीलाई लक्षित गर्दै कम्पनीले उक्त अभियान ल्याएको जनाएको छ । अभियान असोज १६ देखि मंसिर ११ गतेसम्म ८ हप्तासम्म सञ्चालन हुनेछ। अभियानअन्तर्गत प्रत्येक साता लक्की ड्रमार्फत ७ जना विजेता छनोट गरिनेछ । विजेताले जनही १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । त्यस्तै, अभियानको अन्त्यमा एक जना भाग्यशाली विजेताले ५ लाख रुपैयाँको ग्रान्ड बम्पर पुरस्कार प्राप्त गर्ने कम्पनीले जनाएको छ। अभियानमा सहभागी हुन ग्राहकले छुट्टै फारम भर्नुपर्ने छैन। अभियान अवधिमा गरिएको प्रत्येक कारोबारसँगै ग्राहक स्वतः लक्की ड्रमा सहभागी हुने व्यवस्था गरिएको छ। नेपालभरका वेस्टर्न युनियनका प्रमुख एजेन्टहरू एटिटी रेमिट, सिजी फिन्को, हुलास रेमिट्यान्स, नबिल बैंक र सूर्य रेमिटमार्फत यो अभियान सञ्चालन हुने कम्पनीले जनाएको छ ।

# सेप्टेम्बरमा ८८ हजार पर्यटक नेपाल आए



**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असोज

सन् २०२६ को सेप्टेम्बरमा नेपालमा ८८ हजार २४८ जना विदेशी पर्यटक नेपाल आएका छन् । नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार यो संख्या सन् २०२५ को सोही महिनाको ७८ हजार ७११ को तुलनामा १२.११ प्रतिशतले बढी हो । गत वर्षको तुलनामा यसवर्ष सेप्टेम्बर महिनामा विदेशी पर्यटकको आवागमन संख्या बढे पनि गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको बाढीका कारण नेपाल आउन लागेका पर्यटकले लागि होटल बुकिङ रद्द गरेको होटल व्यवसायीले बताएका छन् । बिस्तारै पर्यटक आगमनले लय समाउन लागेको अवस्थाले नेपालमा आएको प्राकृतिक प्रकोपले पर्यटन क्षेत्रलाई असर गरेको छ । सेप्टेम्बरमा नेपाल आउने पर्यटकमध्ये सबैभन्दा ठुलो हिस्सा दक्षिण एसियाली मुलुकको रहेको छ । सार्क राष्ट्रबाट मात्रै ३० हजार ८५ जना पर्यटक नेपाल आएका छन्, जुन कुल आगमनको ३४.० ९ प्रतिशत हो । सार्कमध्ये भारतबाट सबैभन्दा धेरै १७ हजार ४२५ जना पर्यटक आएका छन् । श्रीलंकाबाट ७ हजार १०८, बंगलादेशबाट ३ हजार ९६४, भुटानबाट १ हजार १११ र पाकिस्तानबाट ४२९ जना पर्यटक आएका छन् । सार्कबाहेकका एसियाली मुलुकबाट १९ हजार ८८८ जना पर्यटक आएका छन् । यो संख्या गत वर्षको तुलनामा ५७.९७ प्रतिशतले बढी हो । चीनबाट मात्रै ११ हजार २१२ जना पर्यटक नेपाल आएका छन् ।

गत वर्ष चीनबाट ५ हजार २३७ जना आएकोमा यस वर्ष आगमन ११४.० ९ प्रतिशतले बढेको छ । युरोपबाट भने १५ हजार १४८ जना पर्यटक आएका छन्, जुन अघिल्लो वर्षको तुलनामा ८.७३ प्रतिशत कम हो । जर्मनी, फ्रान्स, रुस र स्पेनबाट उल्लेख्य पर्यटक आएका छन् । अमेरिकी महादेशबाट १० हजार १०७, ओसिएनियाबाट ५ हजार ४२२, मध्यपूर्वबाट २ हजार ६०६ र अफ्रिकाबाट ४२४ जना पर्यटक नेपाल आएका छन् । अमेरिकाबाट मात्रै ८ हजार २९९ तथा अस्ट्रेलियाबाट ४ हजार ८४२ जना पर्यटक आएका छन् ।

# हिमालय एयरलाइन्सको काठमाडौं-हाङझाउ सिधा उडान सुरु




**काठमाडौं/मस-** हिमालय एयरलाइन्सले नेपाल र चीनबीचको हवाई सम्पर्क विस्तार गर्दै काठमाडौं-हाङझाउ-काठमाडौं सिधा उडान सुरु गरेको छ । एयरलाइन्सले बुधबारदेखि चीनको हाङझाउका लागि नियमित सिधा उडान थालेको हो । हिमालय एयरलाइन्सले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट चीनको हाङझाउ सियाओसान अन्तर्राष्ट्रिय विमानस्थलका लागि साताामा दुईवटा सिधा उडान सञ्चालन गर्ने जनाएको छ । काठमाडौंबाट हाङझाउका लागि प्रत्येक आइतबार र बुधबार उडान हुनेछ । हाङझाउबाट काठमाडौं फर्कने उडान भने प्रत्येक सोमबार र बिहीबार सञ्चालन हुनेछ ।

सेप्टेम्बर ३० मा काठमाडौंबाट साँझ ५:३७ बजे उडेको पहिलो उडान अक्टोबर १ को बिहान १:०८ बजे हाङझाउ पुगेको थियो। त्यसैगरी, हाङझाउबाट अक्टोबर १ मा बिहान ३:१८ बजे उडेको पहिलो फर्कने उडान सोही दिन बिहान ६:२८ बजे काठमाडौं अवतरण गरेको थियो । उक्त उडानमा १५४ जना चिनियाँ पर्यटक नेपाल आएका छन् ।

हिमालय एयरलाइन्सले नयाँ उडानले नेपाल र चीनबीचको पर्यटन, व्यापार तथा सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने अपेक्षा गरेको छ। कम्पनीले यात्रुका लागि सहज र सुविधाजनक यात्रा विकल्प उपलब्ध गराउने उद्देश्यले आफ्नो अन्तर्राष्ट्रिय उडान सञ्जाल विस्तार गरिरहेको जनाएको छ ।

हिमालय एयरलाइन्सका उपाध्यक्ष तथा प्रवक्ता विजय श्रेष्ठले चीनका विभिन्न १० पर्यटकीय क्षेत्रमा उडान सञ्चालन गर्ने र १० लाख चिनियाँ पर्यटकलाई नेपालमा स्वागत गर्ने कम्पनीको लक्ष्य रहेको बताए। उनका अनुसार काठमाडौं-हाङझाउ सिधा उडानले दुई देशका नागरिकबीचको सम्बन्धलाई थप मजबुत बनाउनुका साथै पर्यटन र व्यापार प्रवर्धनमा सहयोग पुग्नेछ । हिमालय एयरलाइन्सले मागअनुसार आगामी दिनमा काठमाडौं-हाङझाउ क्षेत्रमा उडान संख्या थप गर्ने योजना रहेको जनाएको छ ।

# एनसेलका ग्राहकलाई आइफोन–१८ खरिदमा विशेष बन्डल प्याकेज

**काठमाडौं/मस–** एनसेलले नेपालमा एप्पल फोनको आधिकारिक बिक्रेता जेनेरेसन नेक्स्ट कम्युनिकेसन्ससँग सहकार्य गर्दै आइफोन १८ प्रो, आइफोन १८ प्रो म्याक्स र आइफोन डुओ खरिद गर्ने ग्राहकका लागि विशेष बन्डल प्याकेज सार्वजनिक गरेको छ । यो अफर एनसेल प्रयोगकर्ता वा एनसेल सिम लिने नयाँ ग्राहकका लागि उपलब्ध हुनेछ । आइफोनका नयाँ मोडल खरिद गर्ने ग्राहकले असीमित डाटा, असीमित लोकल कल, दैनिक १५० वटा निःशुल्क एसएमएस र प्रिमियम कन्टेन्ट हेर्न सकिने ओटिटी प्लेटफर्म लायन्सगेटको सब्सक्रिप्सन प्राप्त गर्नेछन् । योजनाअनुसार आइफोन १८ प्रो र आइफोन १८ प्रो म्याक्सका प्रथम २०० जना खरिदकर्ताले माथि यी सुविधा तीन महिनासम्म निःशुल्क पाउनेछन् । त्यसैगरी आइफोन डुओका पहिलो १०० जना खरिदकर्ताले सोही सुविधा ६ महिनासम्म अतिरिक्त शुल्कबिना नै उपभोग गर्न पाउनेछन् ।



‘जेनेरेसन नेक्स्ट कम्युनिकेसन्ससँगको साझेदारीमा आइफोनका नयाँ मोडल खरिद गर्ने ग्राहकलाई यो विशेष अफर उपलब्ध गराउन पाउँदा हामी हर्सित छौं । व्यावहारिक मूल्य र डिजिटल जीवनशैलीलाई बल दिने एनसेलको प्रतिबद्धताअनुरूप यो योजनाले देशैभर रहेका हाम्रा प्रयोगकर्तालाई जहाँसुकै भरपर्दो कनेक्टिभिटी उपलब्ध गराउनेछ,’ एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपांग दत्ताले भने, ‘ प्रिमियम डिभाइससँग भरपर्दो मोबाइल सेवालाई जोडेर हामी सञ्चार र मनोरञ्जनलाई अझ सरल र फलदायी बनाउन चाहन्छौं ।’

## सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

**सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**